# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




◀प्रस्तुतिकरण कला प्रशिक्षणमा भाग लिनु भएका सहभागीहरूका साथमा धम्मवती गुरुमाँ



आषाढ पूर्णिमाको दिन सिद्धार्थ गौतमको गृहत्याग

**गुरु पूर्णिमा**

वर्ष-२१; अङ्क-४

२०६० श्रावण महिना

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | [illegible] |
| २. | सम्पादकीय- गुरु पूर्णिमा | - | [illegible] |
| ३. | धम्मपद १६१ | - रीना तुलाधर | ३ |
| ४. | ध्यानकुटी बाल आश्रमलाई सहयोग | - | ३ |
| ५. | आत्मा र सत्काय दृष्टि | - आचार्य श्रीधर राणा | ४ |
| ६. | गरीबको मेहनत | - भिक्षु संघरक्षित | ६ |
| ७. | हाम्रो समाज र हाम्रो धर्महरू | - डा. गणेश ब. माली | ७ |
| ८. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | ८ |
| ९. | यो मेरो आशय | - मदन महर्जन | ८ |
| १०. | हिरी (लाज) | - प्रकाश वज्राचार्य | ९ |
| ११. | ऋषिणी प्रव्रज्या हुँदाको मेरो अनुभव | - चन्द्रावती तुलाधर | १३ |
| १२. | शान्ति र मनुष्य समाज | - मैत्री महर्जन | १४ |
| १३. | धन्य-धन्य गणेश कुमारी छःपिन्त ... ... | - लक्ष्मी हीरा तुलाधर | १४ |
| १४. | ऐतिहासिक सि.ख.न. चैत्य (स्तूप) एक ... | - कृष्णकुमार प्रजापति | १५ |
| १५. | कर्म | - राजा वज्राचार्य | १७ |
| १६. | गुण गर्ने भन्दा गुण देख्ने व्यक्ति दुर्लभ | - वीर्यवती | १८ |
| १७. | सन्तोष | - सुमेधावती गुरूमाँ | २० |
| १८. | बुद्धया ज्ञान हे विज्ञान खः | - अमृतमान शाक्य | २० |
| १९. | बुद्ध र शान्ति | - गंगा शाक्य | २० |
| २०. | गुरूमाँ | - एस.के. श्रेष्ठ | [illegible] |
| २१. | थःभिंसा सकल भिनीगु | - रामभक्त प्रधान | २२ |
| १७. | धर्मकीर्ति विहार-गतिविधि | - | २१ |
| १९. | धर्म प्रचार-समाचार | - | २२ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५३ १८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित
फोन: ४२५७ ५७२

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५९ ४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२३
इस्वी सम्वत् २००३
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |



DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JULY 2003**

| वर्ष- २१ | अङ्क- ४ | गुरु पुन्ही | श्रावण २०६० |
|---|---|---|---|





★ जस्तो बासना नआएको फूल राम्रो भए तापनि निस्फल हुन्छ, त्यस्तै कृयाहीन कुरा पनि निस्फल हुन्छ ।

★★★

★ सुगन्ध भएको राम्रो फूलको कदर भए झैं क्रिया युक्त कुरा सफल हुन्छ ।

★★★

★ डाडुले तिहुन-तर्कारीको स्वाद थाह नहुने झैं मूर्ख जनले जीवनभर पण्डितको सत्संगत गरे तापनि धर्मको मर्म बुझ्न सक्तैन ।

# गुरु पूर्णिमा

हरेक असल मानिसको जीवनमा प्राप्त हुने सफलताहरूको पछाडि उसको गुरुको ठूलो देन र योगदान लुकी रहेको हुन्छ। त्यसकारणले नै होला नेपालमा मनाइने बिभिन्न सँस्कृतिहरू मध्ये गुरु पूर्णिमा पनि एक प्रमुख सँस्कृतिको रूपमा मनाईंदै आइरहेको छ। वर्षको १२ वटा पूर्णिमाहरू मध्ये एक असार पूर्णिमालाई गुरु पूर्णिमाको रूपमा मनाउने चलन रहेको छ।

संसारमा गुण गर्ने व्यक्ति भन्दा पनि कृतज्ञ गुणलाई सम्भने व्यक्ति दुर्लभ छ। त्यसैले होला गुरुको गुण बिर्सन नदिनको लागि आषाढ पूर्णिमाको दिनलाई गुरुपूजा गर्ने दिनको रूपमा लिइएको छ। नेपालीहरूले गुरुको गुण मात्र होइन आफ्ना आमाबुबा देखि लिएर पशुपंक्षी समेतको गुण देखी उनीहरू प्रति बर्षेपिच्छे कृतज्ञता ज्ञापन गरिरहेको देखिन्छ। त्यसैले होला नेपालमा बर्षेपिच्छे आमाको मुख हेर्ने, बुबाको मुख हेर्ने, गुरु पूजा, गाईपूजा, कुकुर पूजा र काग पूजा आदि पर्वहरू मनाई कृतज्ञता ज्ञापन गर्ने चलन रहेको देखिन्छ।

एक नैतिकवान् शिक्षित एवं कर्णधार व्यक्ति उत्पादन गर्ने कार्यमा एउटा सक्षम गुरुको ठूलो देन रहेको हुन्छ। त्यसैले गुरु भज्नको लागि त्यस गुरुमा रहेको गुणहरूलाई एकपटक अध्ययन गर्न जरुरी छ। जस्तोसुकै व्यक्तिलाई गुरु भज्न पुग्यो भने जीवनमा नराम्ररी धोका खान पुगिन्छ। किनभने संगत गुणले एउटा मानिसको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ। बुद्धकालिन घटनाहरू मध्ये एउटा घटना अहिंसक नाम गरेको एक विद्यार्थीले आफ्नो गुरुको स्वार्थयुक्त नराम्रो विचारधारालाई बुझ्न नसकी त्यस गुरुको संगतमा परी हिंसक बन्न पुग्यो। ज्ञान सिक्ने लोभमा अन्धो भई अन्धविश्वासी भक्तको रूपमा हत्यारा बन्न पुग्यो। त्यसैले गुरु भन्ने वित्तिकै सबै गुरु पवित्र, निश्वार्थ र निर्मल चित्तकै भइरहन्छ भन्ने छैन। कोही गुरु श्वार्थी, लोभी, कपटी र दुष्चरीत्र सहितको पनि हुन सक्छ। यस विषयमा शिष्य चलाख र चनाखो बनी हरेक क्षणमा गुरुको हरेक कार्यमा परीक्षा लिइरहन आवश्यक देखिन्छ। यदि गुरुमा नचाहिने दुश्चरित्रहरू देखा परेमा त्यस गुरुप्रति अन्धभक्ति नगर्नु नै वेश हुनेछ। त्यसैले ज्ञान, शिल्प र शिक्षा जुन व्यक्तिबाट पनि सिक्न सकिन्छ। तर गुरु भजन र भक्ति गर्नकोलागि शीलवान, निश्वार्थ भाव सहितको सज्जन व्यक्तिलाई छान्ने गर्नुपर्दछ। नराम्रो चरित्रको गुरुलाई उसको नराम्रो चरित्र हटाउनेबारे होश दिनु शिष्यको कर्त्तव्य हुन जानेछ। तर यति गरेर पनि त्यस गुरुले कुरा सुनेन भने त्यसलाई अनादर र हेलचेक्र्याइं गर्नु भन्दा उप्रति तटस्थ भाव अपनाई उपेक्षा गर्नु बेश हुनेछ।

गुरु भन्ने बित्तिकै पहिला आमाबुबा अगाडि पर्दछ। किनभने हरेक व्यक्तिको जीवनमा प्रथम गुरु उसको आमाबुबा हुन्छ। त्यसपछि पाठशालाका गुरु र शिल्पविद्या सिकाउने गुरुहरू आउँछन्। यसरी आफ्नो जीवनको विविध राम्रा र असल क्षेत्रहरूमा आफूले नजानेका विषयवस्तुहरू सिकाउने जोसुकै व्यक्तिलाई पनि गुरुको रूपमा लिएपनि भक्ति गर्ने गुरु छान्न भने शिष्य चनाखो र होशियारी बन्नै पर्दोरहेछ। बुद्ध शिक्षानुसार कर्त्तव्य परायण भई कर्त्तव्य पालन गर्नु नै धर्म हो। त्यसैले सिगालोवाद सूत्रमा बुद्धले कर्त्तव्याकर्त्तव्य विषयमा विश्लेषण गर्नुभएको छ। आमाबुवाले छोराछोरीलाई गर्नुपर्ने कर्त्तव्य, र छोराछोरीले आमाबुबालाई गर्नुपर्ने कर्त्तव्य, गुरुले शिष्यलाई गर्नुपर्ने कर्त्तव्य र शिष्यले गुरुप्रति गर्नुपर्ने कर्त्तव्य आदि आदि।

सिगालोवाद सूत्रमा उल्लेखित यी कर्त्तव्यहरूलाई सबैले आ-आफ्ना क्षेत्रमा रही पालन गर्न सकेको भए आजभोली हरेक क्षेत्रमा चलिरहेको झैझगडा, आपसी वैमनश्यता र अशान्ति हटी शान्तिले ठाउँ लिने थियो। किनभने आजभोली धेरै जसो क्षेत्रमा आफ्नो होइन अरुको दोष खोज्दै, अरुलाई लाञ्छना र आरोप लगाउने कार्यमा नै व्यस्त देखिन्छन् धेरैजसो मानिसहरू। यसरी आजभोली गुरु पूर्णिमाको रूपमा गुरु भज्ने सँस्कृति हालसम्म विद्यमान भएपनि यस सँस्कृतीलाई व्यवहारमा प्रयोग गर्न भने सकिरहेको देखिदैन। धेरैजसो स्कुल क्याम्पसहरूमा गुरुलाई आदर गर्नेतर्फ भन्दा पनि गुरुको दोष देखाउँदै निहुँ खोजी झैझगडा गर्ने र अझ गुरुमाथि हात हाल्ने समेत गरी अपमान गरिएको पाइन्छ।

यसरी घटिने नरमाइला घटनाहरूको अगाडि गुरु र शिष्यहरू दुबैको तर्फबाट एक आपसमा पालन गर्नुपर्ने कर्त्तव्यहरू पालन नहुनु र एकले अर्काको दोष मात्र देखी आ-आफ्ना दोष स्वकिार गर्न नसक्नु नै प्रमुख कारण हुन आउँछ। विना कारण कुनैपनि घटना घट्न सक्दैन।

त्यसैले हामीले भन्न सक्छौं, सबैले आ-आफ्नो क्षेत्रमा रही जहाँ कर्त्तव्य पालन गरिन्छ, त्यहाँ धर्म पालन हुन्छ, जहाँ धर्म पालन गरिन्छ त्यहाँ धर्मले रक्षा गरिन्छ अर्थात् **"धम्मो हवे रक्खतीति धम्मचारी"** भनी बुद्धले भन्नुभएकै छ।

हामीले यसरी हरेक वर्ष आषाढ पूर्णिमाको दिन गुरु पूर्णिमा मनाए जस्तै यस सँस्कृतीलाई औपचारिकतामा मात्र सीमित नराखी भित्री हृदयदेखि आ-आफ्ना सच्चा गुरुहरूको गुण स्मरण गर्दै भक्ति र कर्त्तव्य चढाई धार्मिक बनी आ-आफ्नो जीवन सफल पार्न सकौं।

Downloaded from http://www.dhamma.digital

# धम्मपद–१६१

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**जिघच्छा परमा रोगा-सङ्खारा परमा दुक्खा ।**
**एतं ञत्वा यथाभूतं-निब्बानं परमं सुखं ॥**

**अर्थ–** भोक सबभन्दा ठूलो रोग हो, संस्कार साँच्चैको दु:ख हो, यसलाई यथार्थ रूपमा बुझीलियो भने निर्वाण परम उत्तम सुख हो ।

**घटना–** उपरोक्त गाथा भगवान बुद्धले आलवि गाउँमा कुनै एक उपासकको कारणमा भन्नु भएको हो ।

एकदिन भगवान बुद्धले विहानै आज कसलाई बोध गर्न सकुँला भनी सोच्नु भएको बेला आलवि गाउँका एक गरीब मानिसले ज्ञान प्राप्त गर्न सक्ने लक्षण देख्नु भयो । अत: भिक्षु संघलाई साथमा लिएर श्रावस्ती भन्दा तीस योजन (=बाटो लम्बाईको एक मापदण्ड) टाढाको आलवी गाउँमा जानु भयो । आलवि गाउँका मानिसहरूले बुद्ध सहित भिक्षु संघको लागि भोजन दानको लागि निमन्त्रणा गरी भोजनको प्रबन्ध गरे । उक्त गरीब मानिस पनि तथागतको धर्म देशना सुन्ने तरखरमा लागेका थिए तर त्यही दिन उनका एक गोरु जंगलमा भागेर हरायो । गरीब मानिसले बाध्य भएर आफ्नो गोरु पहिले खोज्न जानु पर्‍यो । यता आलवि गाउँका मानिसहरूले बुद्ध प्रमुख भिक्षु संघलाई भोजन दानको कार्य गरेपछि बुद्धको धर्म देशना सुन्न तयार भयो । तर बुद्धले धर्मदेशना नदिईकन त्यही गरीब मानिस नआउन्जेलसम्म कुर्नु भयो । त्यो मानिस बल्ल गोरु भेटाएर फर्के । उनले विचार गरेकि अब तथागतले धर्म देशना त दिन सकाउनु भयो होला । तथागतलाई वन्दना गर्नको निम्ति भए पनि जाउँला । यसरी सोची उनी बुद्ध भएको ठाउँमा गए ।

उनी त्यहाँ पुगेपछि बुद्धले भोकै थाकेर आएका त्यस मानिसलाई खाना खुवाउनु भनेर दाताहरूलाई आज्ञा दिनु भयो । मानिसलाई पेट भरि खाना खान दिएपछि बुद्धले धर्म देशना शुरू गर्नु भयो । बुद्धले धर्मको उपदेश तह तह गरी दिँदै अन्तमा चतुआर्य सत्यको उपदेश दिनु भयो । धर्म देशनाको अन्तमा त्यस गरीब मानिसले स्रोतापत्ति मार्गफल प्राप्त गरे ।

त्यहाँबाट बुद्ध भिक्षु संघलाई पछि पछि राखी जेतवन विहारतिर फर्कनु भयो । पछि पछि हिँडेका भिक्षुहरूले आ-आफू बीच यसरी कुरा गरे– "आज अचम्म भयो । बुद्धले एक गरीब मानिसको लागि धर्म देशना नदिई कुर्नुभयो । फेरि उनलाई खान खान दिएपछि मात्र धर्म देशना शुरु गर्नु भयो ।" भिक्षुहरूको कुरा सुनेर बुद्ध पछाडी फर्कनु भयो र भन्नुभयो– "जुन तिमीहरूले भनेको ठीक हो । तर तिमीहरूले आज म तीस योजन टाढासम्म आएर धर्म देशना गर्न आएको उनैलाई बोध गर्नको लागि भनेर थाहा पाएनौ । उनी आज बिहान देखि हराएको गोरु खोज्दै भेटाएर आयो । भोकै, थाकेर आएका त्यसले धर्मको उपदेश राम्रो सुन्न सक्दैनथ्यो । भोक मेटेपछि मात्र धर्म उपदेश सुन्न सक्थ्यो । हे भिक्षुहरू ! यो संसारमा भोक जस्तो ठूलो रोग अरु छैन ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्म देशनाको अन्तमा धेरै मानिसहरू स्रोतापन्न भए । ■

## ध्यानकुटी बाल आश्रमलाई सहयोग

बनेपा ध्यानकुटी मेत्ता सेन्टर बाल आश्रमलाई आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली–

| | | |
|---|---|---|
| १. | स्व. पूर्णचन्द्र शाक्यको स्मृतिमा जुजुकाजी शाक्य बनेपा | रु. २५००/- |
| २. | तीर्थदिव मानन्धर | रु. २००/- |
| ३. | ताराशाक्य सितापाइला काठमाडौंद्वारा बालिकाहरू बान्ह जनालाई लुगा प्रदान । | |

# आत्मा र सत्काय दृष्टि

आचार्य श्रीधर राणा

हिन्दु धर्मका सबै शाखा प्रशाखाहरूमा 'आत्मा' भन्नाले श्वाश्वत, नित्य, कुटस्थ, ब्रह्म, अपरिवर्तनशील तत्व आदिं इत्यादि भन्ने परिभाषा छ, र यहि दृष्टिलाई अंगाल्ने आत्मावादीहरूले बौद्धहरूलाई धेरैजसो सोध्ने एउटा प्रश्न के हो भने यदि आत्मा नै छैन भने पुनर्जन्म कसरी हुन सक्छ त ? यदि आत्मा नै छैन भने कस्ले मुक्ति प्राप्त गर्छ त ? आत्मवादीहरूले सोध्ने यो प्रश्न आफैमा स्वविरोधपूर्ण छ । किनकी ? जन्मनु, मर्नु, पुनर्जन्म हुनुले परिवर्तन देखाउँछ। अनि यस्तो अवस्थामा त आत्माको जन्म हुने, मृत्यु हुने आदि परिवर्तनवाट गुज्रिएको देखियो अनि त कसरी आत्मा नित्य, श्वाश्वत, कूटस्थ आदि भयो त ? यदि आत्मा, श्वाश्वत, नित्य आदि छ भने कसरी आत्माको पुनर्जन्म इत्यादि हुन सक्छ । छोटकरीमा भन्दाखेरि आत्माको पुनर्जन्म हुन सक्दैन। वास्तबमा विज्ञान सन्तति (चित्त प्रवाह) को मात्र पुनर्जन्म जस्ता परिवर्तन हुन सम्भव हुन्छ। हिन्दु धर्म र जैन धर्ममा पुनर्जन्म भन्नाले त्यहाँ केही अपरिवर्तनशील नित्य वस्तु या तत्व छ जसले पुनर्जन्म लिन्छ । बौद्ध धर्ममा पुनर्जन्म भनेको विज्ञान सन्तति संग अति नजीकबाट सम्बन्धित एक प्रकृया हो । यहाँ विज्ञान भनिने नित्य तत्व कुनै पनि छैन । जस्ले पनुर्जन्म आदि परिवर्तन ग्रहण गरोस् । बरु चित्त सन्तानको परिवर्तन हुने एक प्रकृया छ जसलाई हामी जन्म भन्छौं र यसरी नै पुनर्जन्म भइराखेको हुन्छ ।

सोच्न सक्ने जसले पनि सजिलै देख्न सक्छ कि उनीहरूको भनाइमा अपरिवर्तनशील आत्मा बन्धनयुक्त अवस्थावाट बन्धनमुक्त अवस्थामा परिवर्तन हुन्छ भनिएको छ। यदि आत्मा अपरिवर्तनशील र बन्द छ भने यो सदाकालको लागि बद्ध नै रहिरहन्छ त्यस अवस्थामा यो अपरिवर्तनशील बद्ध आत्माले मुक्ति प्राप्त गर्ने भन्ने सम्भावना नै हुँदैन । यदि आत्मा साँच्चिकै सदा मुक्त छ भने यसले फेरि किन मुक्ति प्राप्त गर्नु पऱ्यो त ? लङ्गडो ब्यक्तिले मात्र उपचार गराएर दुबै खुट्टा प्राप्त गर्नु आवश्यक हुन्छ, जसका दुबै खुट्टा स्वस्थ छन् उसले खुट्टाको उपचार गराउनु आवश्यकै हुँदैन । त्यसकारण बरू प्रश्न त आत्मवादीहरूलाई नै सोध्नु पर्छ कि 'तिमीहरूको प्रणालीमा कस्ले या के ले मुक्ति प्राप्त गर्दछ ? यसरी जाँचे पछि उनीहरूलाई बाध्य भएर भन्नु पर्ने हुन्छ कि 'मन' नै बन्धनमा परेको हो र मनले नै मुक्ति प्राप्त गर्ने हो। जस्तै गीतामा पनि बताएको छ "मन एव मनुष्याणां कारणं बन्धमोक्षयो: ।" बौद्धहरूले आत्मबादीको त्यो उत्तर हो भने त ताली पिट्छन् किनकि यो त बौद्धहरूको उत्तर हो र यसले स्वत: प्रश्न उठाइहाल्छ कि त्यसो भए तिम्रो आत्माको के प्रयोजन भयो त ? किनकि बन्धनमा भएको र मुक्त हुने त मन भैहाल्यो। बौद्धधर्ममा मुक्ति भनेको कुनै नित्य अपरिवर्तनशील सत्ता या कोही ब्यक्ति बन्धनमा भएको अवस्थाबाट परिवर्तन भएर प्राप्त हुने भन्ने कुरा होइन। बरू यहाँ त त्यस्तो कुनै अपरिवर्तन शील, नित्य, तत्व छ भन्ने विचारलाई पूर्णरूपमा छोडेर अग्राह अवस्थामा रहनु नै मुक्ति हो । कसैले त्यही प्रश्न अझै सोध्न सक्छ कि कसले अग्राह गर्छ त ? सर्व प्रथम त यो प्रश्न नै गलत दिशामा गैसक्यो, यदि यस्ले कुनै नित्य या अपरिवर्तनशील ब्यक्ति अथवा बस्तु छ र जसले खानु, हिंड्नु, आउनु, जानु, जन्मनु, मर्नु या अग्राह गर्नु (Letting go) आदि क्रियाकलापहरू गर्छ भन्ने धारणा लिएको छ भने। किनकि हामीले पहिले नै देखिसकेका छौं कि यस्तो प्रकारको सोचाई नै हेत्वाभास युक्त छ र ठीक (युक्तिसंगत) छैन । आउने, जाने, जन्मने, मर्ने कुनै पनि अपरिवर्तनशील नित्य तत्व हुँदैन त्यसकारण यस्तो तत्वले अग्राह (Letting go) गर्ने भन्ने प्रश्नको कुनै आवश्यकता नै छैन । बन्धन र अग्राह या मुक्ति भनेको चित्त (मन) का दुई भिन्दै अवस्थाहरू हुन् । त्यसकारण कुनै विशेष दृष्टिकोणवाट भन्दाखेरि मात्र हामीले मनले अग्राह गर्छ भन्न सकिन्छ। यो मनलाई बताउने प्रचलित तरीकामात्र हो । वास्तवमा त अग्राह (Letting-go) भनेकै चित्तको (मनको) एक अवस्थाको नाम मात्रै त्यसैले अग्राहकको कुनै आवश्यकता छैन । आत्मा र आत्मिय (म र मेरो) आदि लाई ग्राह गरेको चित्तको अवस्थालाई सत्काय दृष्टि भनिन्छ र यो नै क्लेश, संयोजन आदिको र त्यसैले हाम्रो दु:खको पनि मूलकारण (बीज) हो। चित्तको यो आर्जित (आगन्तुक) अवस्था हो र प्राकृत अवस्था होइन । त्यसै कारणले यो अवस्थालाई हटाउन सकिन्छ । यस्तो अवस्थाको कारण अविद्या र संस्कार हुन् जुन अनादि (beginingless) छन् तैपनि अग्राह चित्त पनि अनादि (begining less) छ । किनकि यो नै यसको वास्तविक स्वभाव (स्वरूप) हो । हामीले अग्राह-चित्तको बारेमा भन्दाखेरि यो बुझिराख्नु पर्छ कि हामीले चित्त सन्तानको प्रकृयाको बारेमा कुरा गरेको हो न कि अग्राह चित्त (Letting go mind)



Downloaded from http://www.dhamma.digital

नाम गरेको कुनै तत्वको बारेमा ।

जब सम्यक् विपश्यना ध्यान द्वारा अविद्या र संस्कारहरू नष्ट गरिन्छन् तब चित्त सन्तान (चित्त प्रवाह) स्वत: नै अग्राह अवस्थामा हुन्छ । यही 'चित्त प्रकृया' लाई नै अग्राह चित्त, (Letting go mind) लोकोत्तर चित्त, महामुद्राको प्राकृत चित्त (Ordinary mind) तन्त्रको सहज चित्त र जेनको जेन चित्त (Zenmind) आदि भनिन्छ । तर पनि यी शब्दहरूमा चित्त (mind) भनेर प्रयोग भएको शब्दले कुनै वस्तु भन्ने जनाउँदैन र चित्त सन्तान (mind Continuum) को एक अवस्थालाई जनाउँछ । यो अरू धर्म र प्रणालिहरूले भन्ने द्रष्टा, (watcher), शुद्धहोश (pure awareness) हो मात्र (awareness by itself) निश्चित रूपमा होइन । जुन कुराले धेरै मानिसहरूलाई सन्देहमा (भ्रम) मा पारेका छन् ।

बौद्ध धर्मले 'अनित्य' भन्ने शब्दलाई ज्यादै प्रयोग गरेको छ । हामीहरूले 'सर्व धर्म अनित्य' भन्छौं तर यहाँ यसको अर्थ संस्कृत धर्महरू अनित्य हुन्छन् भन्ने हो न कि असंस्कृत धर्म । यसको मतलव बौद्ध धर्ममा नित्य कुरा केही पनि हुँदैन भन्ने होइन । उदाहरणको लागि यही अग्राह अवस्था नै नित्य छ । हामीले स्पष्ट पारिसकेका छौं कि यो अवस्था भनेको कुनै वस्तु या तत्व होइन र त्यसैले निश्चित रूपमा यो आत्मा हुन पनि सक्दैन । यो अवस्था किन नित्य र अपरिवर्तनशील छ त ? चित्त सन्तानले एक पटक त्यो अवस्था प्राप्त गरेपछि यो अवस्था फेरि परिवर्तन हुँदैन र यस्तो अवस्थाको अन्त्य पनि कहिल्यै हुँदैन । त्यसकारण यो अपरिवर्तनशील र नित्य छ । यो अवस्थाको चित्त हरेक क्षण परिवर्तन भइरहेको हुन्छ परन्तु त्यो कहिल्यै पनि अन्त्य हुँदैन । त्यसैले यो पनि नित्य छ परन्तु यस्तो प्रकारको नित्यतालाई परिणामीनित्य (Changing eternal) भन्दछन् जुन आत्मा जस्ता कूटस्थ नित्यको उल्टो खालको हो । त्यसकारण यो बेग्लै प्रकारको नित्य हो । तर न त्यो अवस्था 'आत्मा' या 'आत्मिय' हो न त्यो चित्त आत्मा वा आत्मीय हो । ती दुबै 'म' या मेरा होइनन् । जब कि आत्मा (या ब्रम्ह, शाक्षी) 'म' र 'मेरो' हो **"अहं ब्रह्मास्मि", "तत्वमसि"** आदि महावाक्यहरूले त्यही वताएका छन्) यो नै मुख्य मामला हो ।

धेरै व्यक्तिहरूलाई लाग्न सक्ला कि हामीहरू सबैले आफूमा अनुभव गरिराखेको 'म' भनेको के हो त ? त्यस्तो खालको 'म' को अनुभव निश्चित रूपमा सधैं भइराखेका छ सपनामा समेत पनि यो अनुभव छ भन्ने कुरा हामीले स्वीकार्नु पर्ने हुन्छ । यो निश्चित रूपमा छ किनकि सबै प्राणीहरू (सत्व) ले यसको अनुभव गर्छन् तर पनि स्वतन्त्र रूपबाट यो 'म' भन्ने चिजको अवलोकन गरि खोजनिति गर्दा यो कतै कहीं पनि अस्तित्वमा छैन । (यसआत्मा, 'म' सम्वन्धी विवेचना आनन्द भूमी पत्रिकामा हेर्नु होला) तैपनि कसरी हामीले कहीं अस्तित्व नै नभएको कुराको पनि अनुभव गर्न सक्छौं त ?

बास्तवमा यो प्रश्न ठूलो देखिए पनि त्यति अपूर्व (विशेष) कुरा चाहिं होइन । जब हामीले रातमा घुमाउरो परेको रस्सीलाई देख्छौं भने धेरै जसोले त्यसलाई सर्प जस्तो देख्छौं , अनुभव गर्छौं, हाम्रा रौं ठाडा हुन्छन् र मानौं यो साँच्चै को सर्प हो भन्ने ठानेर चिच्याउँछौं । त्यसबेला हामीले सर्पकै अनुभूति गऱ्यौं र रस्सीको गरेनौं यद्यपि त्यहाँ सर्पको त कुनै पनि अस्तित्व थिएन । त्यसकारण अस्तित्व नै नभएको कुराको पनि अनुभव हुन सक्छ । त्यसै गरी यदि हामी मरुभूमिमा हिंड्यौं भने हामी सबैले त्यहाँ नीलो शीतल तलाउ भएको जस्तो अनुभव गर्छौं परन्तु त्यतातिर हिंड्दै गयौं भने त्यहाँ केही हुँदैन । त्यसैगरी अविद्या र संस्कारहरूको कारणले गर्दा चित्तले पञ्च स्कन्धहरू संग सम्बन्धित 'म' को अनुभूति गर्छ यद्यपि त्यहाँ त्यस्तो 'म' (आत्मा) को अस्तित्व नै छैन । केवल पाँच स्कन्धहरूको सन्ततिको प्रवाह मात्र छ । त्यसमाथि पनि यदि त्यो 'म' लाई वास्तविक (साँच्चिकै-छ भन्ने विश्वास गऱ्यौं भने त्यसैलाई सत्कायदृष्टि भनिन्छ । (जुन संसारमा बाँधिराख्ने मुख्य अविद्या युक्त बन्धन हो) बौद्ध धर्म बाहेक सबै धर्म र प्रणालीहरूमा यस्तो विश्वासले सक्रियरूपमा काम गरिराखेको हुनाले र उनीहरूका क्रिया कलापहरूमा यो अन्तर्निहित भएको हुनाले यसलाई सहज सत्काय दृष्टि भन्दछन् । सम्यक् विपश्यना ध्यान द्वारा यस अविद्याको जड सत्काय दृष्टि (आत्मा) लाई भेद्न नगरेसम्म हामीले लोकोत्तर चित्त प्राप्त गर्न सक्दैनौं । सहज सत्काय दृष्टिलाई भेदन गर्नु संग कुनै पनि प्रकारका शमथ ध्यान विधिहरूको सरोकार नहुने भएकोले तिनीहरूले लोकोत्तर चित्त उत्पाद गराउदैनन् । त्यसैकारणले गजवका रिद्धिसिद्धिहरू हुँदा हुँदै पनि अज्ञानी भै रहन सम्भव छ । यदि मैत्री, करुणा जस्ता कुशल कर्महरूलाई एकातिर पन्छाएर सम्यक् दृष्टिलाई ख्याल नगरी कसैले सत्काय दृष्टि (आत्मा, आत्मिय) लाई नै उल्टै बढाइरहने, ग्राह गर्दै जाने ध्यान विधि अपनाइ रहन्छ भने त्यो पागलखाना जाने मार्ग हो र मरेपछि पशुलोक या नरक जाने एक तर्फी टिकट (one way ticket) काट्नु सरह हो । किनकि अविद्या (मोह) ले गर्न सक्ने सरल काम नै यहि हो ।

त्रिरत्न शरणम्: ॥

*सङ्कलक : बिजय सर्ग:*

जातक-कथा

# गरीबको मेहनत

भिक्षु संघरक्षित, संघाराम "कोविद"

कुनै एउटा शहरमा एकजना सेंठ थियो । बाटोमा हिंड्दा-हिंड्दै एकपल्ट उसले एउटा मरेको मुसा देख्यो र भन्यो– "कसैले यो मरेको मुसा लगेर बुद्धिले काम गर्न सकेमा धेरै धन सम्पत्ति कमाउन सक्नेछ ।"

त्यही समयमा एकजना गरीब मान्छे त्यहींबाट हिंडिरहेको थियो । उसले त्यो कुरा सुनेर विचार गऱ्यो– "यो सेंठले पक्कै झुठो बोल्दैनन् । किन यो मुसा नै लिएर नजाऊँ ।" त्यो गरीब मान्छेले मरेको मुसा टिप्यो र एकातिर लाग्यो । ऊ सरासर जाँदै गर्दा विरालो पालेको घरमा पुग्यो । केही पैसा लिएर त्यो मुसा त्यहीं दियो । केही पैसा पाएपछि उसले विचार गर्न थाल्यो र मेहनत गर्ने निधो गऱ्यो । उसले त्यसबाट केही सख्खर किन्यो र पानीमा घोलेर थाकेका, तिर्खाएका मालीहरूलाई खुवाउन लाग्यो । खुशी भएर मालीहरूले एक-एक मुठ्ठी फूलहरू दिए । त्यसलाई बेचेर गरीब मान्छेले फेरि केही पैसा पायो ।

उसले फेरि सख्खर किनेर पानीमा मिसाएर बगैंचा-बगैंचामा गयो र गर्मीले तिर्खाएका मालीरूलाई पानी ख्वाउन थाल्यो । यसबाट उसले आधा टिपेर छोडेको फूलको बिरुवाबाट फूल टिपेर लिने अनुमति पायो । यसरी उसले पैसा अलि अलि गरेर कमाउँदै लग्यो ।

एक दिन ठूलो हुरी बतास आयो । राजाको उद्यान भरी फोहर भयो । बगैंचा सफा गर्ने मान्छे आत्तियो । यस्तो बेला त्यही गरीब मान्छेल आएर बगैंचा सफा गर्ने र बदलामा सुकेर खसेका हाँगाबिंगा-कचराहरू लिने कुरा भन्यो । बगैंचेले खुशी हुँदै 'हुन्छ' भन्यो ।

उसले खेलिरहेका बच्चाहरूलाई मिठाई दिएर फकायो र बगैंचाको सबै फोहर सफा गरी लियो ।

त्यही समयमा राजाको कुमालेलाई भाँडा पोल्न सुकेको दाउरा, झारपात आदि चाहिरहेको थियो । उसले धेरै ठाउँमा खोज्यो । अन्तमा त्यही मान्छेलाई भेटेर धेरै पैसा र केही भाँडाहरू दिएर बगैंचाबाट आएका सुकेको फोहर-कचरा तथा हाँगाहरू लिएर गयो । यसरी नै उसले धेरै पैसा कमाउँदै गयो, मेहनत पनि गरिरह्यो । उसका स्थलमार्ग र जलमार्गका कर्मचारीहरूसंग पनि चिनाजानी भयो ।

सख्खर-पानी ख्वाएर उसले घाँसीहरूलाई पनि ठूलो उपकार गरेको थियो । एकदिन स्थलमार्ग कर्मचारी साथीबाट ५०० घोडाहरूसहित व्यापारीहरू त्यही शहरमा आइरहेको कुरा थाहा पायो । ऊ आफूलाई उपकारको बदला तिर्न चाहने घाँसीहरूकहाँ गयो र प्रत्येकसँग अलि-अलि घाँस लिएर एउटा वचन पनि माग्यो– "मेरो यो घाँस नबेचेसम्म कसैले घाँस नबेचिदिनुस् ।" उसको अनुरोध सबैले मान्यो ।

५०० घोडाहरू सहित व्यापारीहरू त्यो शहरमा आइपुगे । घोडालाई खुवाउन घाँस खोज्दै जाँदा कहीं नपाएर त्यही मान्छेसँग धेरै पैसा तिरेर घाँस किन्यो । उसले ठूलो धनराशी प्राप्त गऱ्यो । अर्कोपल्ट जलमार्ग कर्मचारी साथीबाट धेरै सामानहरू सहित एउटा जहाज आएको थाहा पायो । ऊ पहिल्यै गएर सबै सामानको बड्ना दिएर लियो र त्यहीं अफिसजस्तो बनाएर बस्यो । सामान आइपुगेको खबरले त्यहाँ हजारौं ब्यापारीहरू सामान लिन आइपुगे । यस्तो बेला उसले सबैसंग मालसामानमा सहभागी हुन एक हजार र मालसामानको कमीशन १ हजार गरी दुई-दुई हजार सबैसँग लिएर सामान दिन लगायो । एकैपल्ट उसले लाखौं कमायो ।

मरेको मुसाबाट लाखौं धनराशी सम्मको यात्रा गरिसकेपछि त्यो मान्छे त्यही शुरुमा भविष्यवाणी गर्ने सेंठकहाँ गएर त्यो कुरा सुनायो । सेंठ पनि उसको बुद्धि र मेहनत देखेर साह्रै खुशी भयो । उसले आफ्नी छोरी दिएर उसलाई घरकै सदस्य बनाएर राख्यो । पछि त्यो गरीब मान्छे त्यो शहरको प्रसिद्ध सेंठ बन्यो । *स्रोत: चुल्लसेट्ठी जातक*


सब्बदानं धम्मदानं जिनाति

## आषाढपुन्हिया न्यागू योग

१) बोधिसत्वं महायामादेवीया गर्भ प्रवेश याना बिज्यागु ।
२) नीगुदँया उमेरय् राजकुमार सिद्धार्थं गृह त्याग याना बिज्यागु ।
३) तथागतं सारनाथे पंचवर्गीय भिक्षुपिन्त धर्मचक्र प्रवर्तन (प्रथम उपदेश) याना बिज्यागु ।
४) तथागतं श्रावस्ती तीर्थंकरतयत् मनोवलं दमन याना बिज्यागु ।
५) अभिधर्म देशना याना बिज्यागु ।

मस्तयत् बुद्धं कना बिज्यागु उपदेश स्यने मन दुपिसं थः मस्तयत् परियत्ति शिक्षा ब्वंका बिज्याहुँ, दिसँ ।

स्वापू तयेगु थाय्: **हेराकाजी सुजिका:**, नागबहा: यल ।
शुक्रवार पतिकं न्हिनेसिया (३ वजेनिसें ५ बजे तक)

असार पुन्हिया दाता: **आशारत्न धाख्वा**, नागबाहा:, यल ।





Downloaded from http://www.dhamma.digital

# हाम्रो समाज र हाम्रा धर्महरू

✍ डा.गणेश ब. माली

वैज्ञानिकहरू भन्छन्– आजभन्दा करीव ३ अर्व वर्ष अघि पृथ्वीमा पहिला जीवहरू बने, ती जीवहरू नै विकास हुँदै करीव १८ लाख वर्ष अघि पृथ्वीमा मान्छे जातिको उत्पत्ति भयो। त्यस पछि करीव १७.५ लाख वर्ष सम्म मान्छेहरू जंगली जनावरहरू सरह जंगली अवस्था मै रहे। त्यसपछि करीव ५०,००० वर्ष जति मान्छेहरू अरु जनावरहरू भन्दा पृथक भई घरवार खेतीपाती गरी रही आएका छन्।

करीव १७.५ लाख वर्षको जंगली बसाईमा अरु जंगली जनावरहरू सरहनै मान्छे जातिमा जंगली मनोवृत्ति (attitudes) हरू विकास भए, जुन त्यस बेलाको जंगली राज्यमा बाँच्नको लागि अत्यावश्यक थिए।

सबै जंगली जनावरहरूको पहिलो चाहना हुन्छ - आफ्नो जिऊ धन को सुरक्षा र दोश्रो चाहना हुन्छ आफ्नो सन्तानहरूको सुरक्षा। यी दुई आवश्यकताहरूको पूर्ति पछि मात्र अरु तिर लाग्न सक्ने हुन्छन्।

साधारणतया आफ्नो समूहमा मिली जुली बस्दा मान्छे जाति शान्ति प्रिय देखिन्छन्, तर जब आफ्नो व्यक्तिगत सुरक्षा र सन्तानको सुरक्षामा खतरा उत्पन्न हुन्छ, तब ज्यानको बाजी लगाएर प्रतिकार गर्ने हुन्छन्।

बलियोले निर्धोलाई दबाउनु जंगली राज्यको नियम हो। जंगलमा बलियोको राज हुन्छ, निर्बलियाहरू माथि दमन हुन्छ, शक्तिको अगाडि सबै झुक्छ, शक्तिको पूजा हुन्छ। बलियोले निर्धोलाई दबाउनु, स्वार्थपूर्तिको लागि संघर्ष, बलप्रयोग, हिंसा, छलकपट गर्नु, स्वार्थ विरोधीहरूको संहार गर्नु- संक्षेपमा यिनीहरूनै हुन् जंगली वा दानवीय वा पाशविक मनोवृत्तिहरू।

यी मनोवृत्तिहरूको जडमा अहंकार र अज्ञान हुन्छ। यिनैवाट काम क्रोध लोभ आदि जन्मन्छन् र यिनीहरू कै वशमा परेर मान्छे पशु बन्छ।

मान्छे जातिको करीव ५०,००० वर्षको सभ्यता भित्र अनेक प्रकारका सामाजिक परिवर्तनहरू भए, राजा रजौटा प्रथा आए, सामन्ती प्रथा आए, पूंजिवादी व्यवस्था र साम्य वादी व्यवस्था पनि आए, विज्ञानको विकासको साथै जीवनका मौलिक सुविधाहरू बढे, तर मान्छेमा भने उही पुरानो जंगली मनोवृत्तिहरू वस्तुत: यथावत नै रहेका छन्।

जंगली राज्यमा जस्तै अहिले पनि हाम्रो समाजको संरचना मूलत: विसमता र द्वन्द युक्त नै रहेको छ। हाम्रो समाज शक्तिवान-शक्तिहीन, धनवान-धनहीन, शोषक-शोषित, उँच-नीच आदि विसमताहरू युक्त छ। र यहाँ स्वार्थ संघर्ष, हिंसा, अशान्ति र द्वन्दहरू भै नै रहन्छन्।

करीव ३।४ हजार वर्ष अघिदेखि, अज्ञान र अहंकार हटाई समाजमा सुख शान्ति ल्याउन भनी दार्शनिक र धर्म प्रचारकहरू लागेका छन्। र अनेकन धर्महरूको प्रचार प्रसार भैरहेको छ। धर्महरूको पालन गर्नाले मान्छेहरूमा अज्ञान हटेर जान्छ, निस्वार्थ प्रेम र परोपकार को भावना जागृत हुन्छ, सबैलाई आफूसरह देख्ने समता मूलक दृष्टि उत्पन्नहुन्छ, अनि समाजमा सुख र शान्ति हुन्छ।

धर्महरूले मान्छेहरूलाई सबै प्रकारका आसक्ति र स्वार्थबाट मुक्त गराई लोकको हित र सुखको लागि निस्वार्थ र निरहंकारी भई बाँच्ने मार्ग बताए। सबै धर्महरूको एउटै आवाज छ– अज्ञान र अहंकारबाट माथि उठ, सत्यलाई चिन, र लोकोपकारी जीवन बिताऊ।

यति राम्रा धर्महरू हुँदा हुँदै पनि किन आज स्वार्थ-संघर्ष हिंसा, अशान्ति र दु:ख मै हाम्रो समाज जली रहेछ ?

किनकि धर्महरू प्रभावकारी हुन सकेनन्। विसमता युक्त जंगली समाजनै सभ्यताको मुकुण्डो लगाएर रहेको छ, जसको सारमा उही द्वन्दात्मक स्थितिनै रहेको छ। थोरै शक्तिवान धनी शोषक वर्ग एकातिर र असंख्य शक्तिहीन, गरीव, शोषितहरू अर्कातिर छ। यस प्रकारको समाजमा सोझो धार्मिक व्यक्तिहरू बाँच्न पनि धौ धौ पर्छ र पुरानै जंगली मनोवृत्तिहरूकै बोलबाला रहन्छ। समता, समदृष्टि, निस्वार्थ सेवा गर्न धर्महरूले सिकाउँछ तर यथार्थमा मान्छेलाई विपरित आचरण गर्नुपर्ने हुन्छ। यस संसारमा धर्महरूको पालन केवल सतही रूपमा मात्र भइरहेको छ, धर्मका कुराहरूमा जन मानसमा रूचि पैदा भएको छैन, ज्यादै कम मान्छेहरू मात्र धर्ममा चासो देखाउँछन्, धेरै जसो ता बाहिरी धार्मिक देखिए पनि भित्री स्वभाव स्वार्थी र अधार्मिक नै हुन्छ। सुख शान्ति प्रेमी भएर पनि अधिकांश व्यक्तिहरू बाध्य भई दुख र अशान्ति मै जल्नु परेको छ।

– यस्तो परिस्थितिमा हामीले के गर्ने ?

हाम्रो सामू ३ वटा उपायहरू छन् :

(१) आत्मा सुरक्षा र सन्तानको सुरक्षा नै मानवमात्र का प्राथमिक चाहनाहरू छन् । तसर्थ यी चाहनाहरूको पूर्ति गर्ने मान्छेहरू आफ्नो प्रथम कर्तव्य सम्झन्छन्, त्यसपछि मात्र अरू कुराहरू आउँछन् ।

यदि यी चाहनाहरू हाम्रो समाजमा विना अवरोध र संघर्ष सजिलै सित पूरा हुन सकेको खण्डमा मात्र मान्छेहरू सजिलै सित धार्मिक बन्ने छन् ।

तसर्थ समाजमा जीवन गुजार्न तँछाड मछाड गरी संघर्ष गर्नु पर्ने वातावरण न होस् । सबैलाई समान रूपले खाने लाउने बस्ने व्यवस्था होस् । यस्तै समाजमा नै मानिसहरू धार्मिक भै धर्महरू अनुसार आचरण गर्नेहुन्छन् ।

(२) हाम्रो आजको युग विज्ञानको युग हो । विज्ञानले हाम्रो जीवनमा सुविधाहरू ल्याउन को साथै वैज्ञानिक ज्ञान पनि दिएको छ । कतिपय पुराना अन्धविश्वासहरूलाई गलत सावित गरी दिएको छ ।

यसरी बदल्दै गइरहेको प्ररिस्थितिमा यदि धर्महरूले उही पुरानै हजारौं वर्ष अघि देखिका अन्धविश्वासहरूलाई समातेर कट्टर बनी दिएको खण्डमा, ती धर्महरूलाई समाजले पन्छाउँदै अगाडि बढ्ने छ ।

आजको वैज्ञानिक युगमा समाजलाई साथ लिएर जान धर्ममा पनि वैज्ञानिकता हुनु र वैज्ञानिक ज्ञान प्रति सकारात्मक दृष्टि राख्ने हुनु नितान्त आवश्यक छ । धर्मको मार्ग सरल, सुकर र मनोवैज्ञानिक हुनु नितान्त आवश्यक छ । मानव मात्रको हित र सुखको लागि भगवान बुद्ध द्वारा देशित आर्य अष्टांगिक मार्ग र चतुरार्यसत्य यस दिशामा विशेष मननीय छ । सबै धर्महरू मानव जातिको सुख शान्तिको लागि नै सिर्जना भएका हुन् । तसर्थ धर्मको मूल मर्मलाई नबिगारी त्यसमा समयानुकूल हेरफेर हुनु, बदलिंदो समाज सित एक साथ अगाडि बढ्न को लागि जरुरी छ ।

(३) हाम्रो समाजका सबै व्यक्तिहरू परोपकारको भावनाले प्रेरित भएर, कठिन परिश्रम गरेमा हाम्रो देश धनी बन्न गाहारो हुने छैन । यसो भएमा बाँच्नको लागि संघर्ष गर्नु पर्ने स्थिति रहने छैन । र मानिसहरूलाई धार्मिक बन्न सजिलो हुनेछ ।

तर यसप्रकारको मनो भावनामा परिवर्तन ल्याउन मानिसहरूको हृदय परिवर्तन गर्ने खालको जोडदार धर्म प्रचार प्रसार हुनु आवश्यक छ । १७.५ लाख वर्षमा बनेको जंगली मनोवृत्तिहरूलाई बदल्न शिथिल धर्म प्रचारले काम गर्न सक्तैन । यसको लागि सबै धर्मप्रेमीहरूमा जागरण आउनु जरुरी छ ।

उपरोक्त ३ मार्गहरूमा लाग्न सके मात्र हामीहरू धार्मिक जीवन जिउन सक्ने हुनेछौं । अन्यथा स्वार्थ पूर्तिमा नै भटकी रहने छौं । ■

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ४०७

**नानी हेरा तुलाधर**

न्ह्योखा, काठमाडौं ।

रु. १,०००/–

क्र.सं. ४०८

**श्री सानु केशरी तुलाधर**

कान्तिपथ, जमल, काठमाडौं ।

रु. १,०००/–

## यो मेरो आशय

– मबन महर्जन, कमलाक्षी

हर दिन काम गर्छु
परिश्रम एवं पौरखले कमाउँछु
सबैको हित गर्ने
यो मेरो आशय

गरीब, दुखी देख्दा
उनीहरूको व्यथा सुन्दा
रुन्छ यो मन
गरीब दु:खीको भलो
एवं सहायता गर्ने
यो मेरो आशय

म अधम्ममा पर्छु
देखि यो समय
सबैलाई हितकारी सन्देश दिने
यो मेरो आशय

समाजको उत्थान गर्ने
विचारमा परिवर्तन ल्याउने
धर्ममा ल्याउन प्रेरित गर्ने
यो मेरो आशय

म बुद्धधर्ममा लाग्छु
सबैको सेवा गर्छु
निर्वाणको पथमा लम्कने
यो मेरो आशय



Downloaded from http://www.dhamma.digital

सप्तरत्न धन - ३

# हिरी (लाज)–३

प्रकाश बज्राचार्य

सुरमान पुरोहित- जवान नै थियो; तर आफ्नो बाबु बाजेको पालादेखि पिउँदै आएको रक्सी पिउने बानी उसमा पनि बसि सक्यो । रात पऱ्यो कि ढल-मल गरिहाल्थ्यो । आज पनि रात पऱ्यो । सुरमानको पाइला आज पनि आफ्नो वसमा थिएन । बाटो सिङ्गै आफ्नो गरी ढल-मल गर्दै बाटोमा लडखराउँदै बल्ल तल्ल आफ्नो घरमा आइपुग्थ्यो । सकिनसकि भान्छामा पुगे । स्वास्नी चाहिं भान्छामा नै निदाएर उसलाई कुरेर बसिराखेकी थिइन् । जानासाथ सुरमान थचक्क सुकुलमा बसे । स्वास्नी चाहिंले भात पस्कि अगाडि राख्न ल्यायो । लोग्नेले सोधे- "तिमीले खाई सक्यौ ?"

"खाएको छैन । तपाईंले खानु नभएसम्म कसरी खाने ?" स्वास्नी चाहिंले जवाफ दिइन् ।

"बुढी खोई नि ?"

स्वास्नी चाहिंले भनिन्- "धेरै बेरसम्म भोकै बस्न सक्नु हुन्न । खाई सुत्न जानु भइसक्यो ।"

लोग्ने चाहिं शेर गर्जे जस्तो गर्जे- "ए । पेट बोकेकी बुहारीलाई काम गराएर आफू मज्जाले सुत्न गएकी होइन त्यो बुढी ? मैले नै भात खाएको छैन, मलाई नपर्खि घिचिसकि होइन त्यसले ?"

सुरमान पुरोहित ठूलो ठूलो स्वरले कराएको सुनेर बुढी आमा माथि उक्ली ।

आमा चाहिं माथि आउनु त सुरमानलाई साँढेको अगाडि ताली बजाउनु जस्तो भयो । झन गर्जे- "ए बुढी । कतिको बढेको तँ हौं ? घरमा केही कामसाम पनि गर्नु पर्दैन ? बसी बसी खान तँलाई यहाँ राखेको होइन ।"

आमा चाहिँले बिस्तारै जवाफ दिइन्- "आज कपाल दु:खेको हुनाले छिटै सुत्न गएको हुँ । तिमी आउँदा ढिला हुन्छ कति वेर पर्खने ?"

"म मन लागेको बेला आउँछु । नपर्खि सुख हुन्छ ? यस घरमा बसेपछि मेरो हुकुम मान्नु पर्दछ । आजसम्म मैले कमाएर नखुवाएको भए तेरो सास फेरेर बस्न सक्ने हिम्मत होला ? कामसाम गर्नुपर्ने होइन अज्ज मसंग झगडा गर्न आउने अहिले नै घरबाट बाहिर निस्की" आँखा रातो रातो पारि मुखभरि थुक निकालेर सुरमान पुरोहित गर्जे ।

जहिले पनि होसहवास एकातिर राखि पिएर आउने, घरमा झगडा गर्ने, छरछिमेकीसंग पनि सधैं झगडा गर्ने हुनाले सुरमानलाई कसैले पनि मन पराउँदैनन् । लज्जा शर्म भनेको अलिकति पनि छैन सुरमानसंग । आज झन ठूलो काण्ड हुन लागेकोले स्वास्नी चाहिने हात समातेर सम्झाइन् "के ताल हो तपाईं ? लज्जा भन्ने पनि छैन ? अर्काले के भन्ला आमालाई पनि निकाल्न खोज्ने ?"

दन्केको आगोमा घिउ हाले जस्तो सुरमानको रिसको अगाडि उसकी स्वास्नीको वचन विष भयो । स्वास्नीलाई एकातिर घच्याएर रिस पोखे- "नकरा तँ । तँ पनि आफ्नो दाइजो साइजो पोको पारी माइतमा जान चाहन्छ भने मात्र कराउन आइजा । तँलाई पनि लात्ताले हिर्काएर पठाइदिन्छु ।

बिचरी स्वास्नी डरले रोइन । केही सीप लागेन । छरछिमेकी सबै झ्यालबाट हेर्न आए तर कोही पनि झगडा छिन्न आएनन् । भीडबाट खसेको गाईलाई राम राम मात्र भन्न सक्दछ तर काँध थाप्ने कोही पनि हुँदैन । आमा चाहिं रोई कराई क्षमा माग्दैछिन् । तर कसाईंको अगाडि राँगो रुने जस्तो । झन त आमा चाहिंलाई गलहट्याएर घर बाहिर घोक्र्याए । चारैतिरका छरछिमेकीहरूले "च्व, च्व" गर्नथाले । आमा चाहिदेखि सबैमा दया उत्पन्न भयो तर छोरा चाहिंदेखि सबै रिसाए तर कसैले पनि विरोध गर्ने आँट गर्न सकेनन् ।

आमालाई निकालेर छोरामाथि उक्ले । चीसो भईसकेको भात खान थाले । कुनामा दिक्क मानेर बसिराखेकी स्वास्नीलाई लोग्नेले अऱ्हाए– "घ्यू राख्न ल्याऊ, भात खाएको मीठो लागेन । डराई डराई स्वास्नी चाहिंले आवाज निकाली "घ्यू नै छैन ।" लोग्ने चाहिनेले ठूलो ठूलो आँखा पारेर भने- "भित्र बत्तामा राखेको के तेरो टाउको ?" स्वास्नीले डराई डराई भनिन्- "जगत दाइको नासो । भोली लिन आउँछु भनेको छ ।"

लोग्ने चाहिनेले आदेश दियो- "जगत सगत जसको भएपनि खुरुक्क यहाँ राख्न ल्याऊ ।"

स्वास्नीले अलि साहस गरेर भनिन्- "भोलि जगत

दाइलाई के दिने ?" लाजै मर्नुहुन्छ, इज्जत नै जान्छ विश्वास गरेर छोडेर गएको बस्तु ।"

लोग्ने जंगिन थाल्यो -"लाज साज थाहा छैन मलाई । बाचुन्जेल मोज गर्ने । मरेपछि स्यालले खाऊ वा कुकुरले खाऊ केही वास्ता छैन । बाँचे इज्जत छ । नत्र छैन । खुरुक्क लिएर आऊ ।"

स्वास्नी चाहिं डराई डराई घ्यू लिएर आई । आमा चाहिंलाई निकालेको घटना त केही पनि होइन जस्तो गरी सुरमानले मिठो मानी भात खायो । भात खाँदा खाँदा उसले भन्यो- "घरमा घ्यू सिद्धिसक्यो, चामल पनि किन्नु परिसक्यो । भट्टीमा पनि पैसा तिर्नु बाँकी छ । पैसा ल्याएन भने भोलिदेखि ख्वाउँदैन भनिसक्यो । आफूसंग पैसा छैन । मैले हेर्दा त बहालको कूलदेवता एउटा बेच्न पाए भने भनेको कुरा पुऱ्याउन सकिन्थ्यो । देवता चोर्ने कुरा सुन्दा स्वास्नी चाहिं झस्की; डराइन् । हुन्छ भने त आफ्नो कान नै थुन्न मन लाग्यो । लोग्नेको मुख नै टाल्न मन लाग्यो । स्वास्नीले तोकिहाली- "त्यस्तो पनि भन्नुहुन्छ ? देवता चोर्ने विचारसम्म पनि गर्नु हुँदैन । अरूले थाहा पाए कसरी मुख देखाउने । मरे तुल्य हुन्छ । अहिले नै टाउको ठाडो पारेर हिंड्न नसक्ने भइसक्यो... ।"

लोग्ने चाहिंले हपारेर- "नकरा ! स्वास्नीमान्छे भएर बुजुक हुनु पर्दछ । त्यसरी नै स्वास्नीमान्छे बुजुक भएर त घर बिग्रने हो । पैसा भएर कसले हेप्छ र ? देवता हामीले नै लिएको भनेर कसले तोकेर भन्न सक्दछ, शंका मात्र गर्दछ । शंका गर्न दिनु, शंकाले के बिग्रिन्छ ? त्यसरी लाज, ईमानको कुरा मात्र गरिराख्यो भने हामीले कहिले पनि केही गर्न सकिंदैन । अरुको डर भर लिइराख्यो भने हात मुख पनि जोड्नु पर्दैन । देवतालाई हामीले नै पूजा गर्ने होतनि उडाएर ल्याउन के गाऱ्हो हुन्छ ?"

लोग्ने चाहिंको दृढता देखेर स्वास्नी चाहिंको मन ढुक ढुक भयो । जीउ नै कांप्यो । तर पनि लोग्ने चाहिंलाई रोक्न सकिएन । बाघको अगाडि स्यालले कसरी विरोध गर्ने ।

संधै जस्तो पूर्वक्षितिजमा सूर्यले आफ्नो अनुहार चियाउन आउँछ । सूर्यको मलिन अनुहार देखेर सबै चराचुरुङ्गीहरू कराउन र गीत गाउन थाले ।

भिक्षु धर्मालोक बसिराखेको विहारमा पनि चहल पहल भयो । धेरै मानिसहरू विहारमा आइसके । आफ्नै छोराले निकालिएकी पण्डितनी बज्यै पनि संधै जस्तो विहारमा आइन् । हिजो राती घरबाट निकालेपछि रूँदा रूँदै एउटा पाटीमा रात काटीन् । आज विहारमा पनि कोहीसंग बोलिनन् ।"

उज्यालो अनुहार भएको भिक्षु पनि आई आफ्नो आसनमा बस्नुभयो । पञ्चशील प्रार्थना भयो । त्यसपछि धर्मदेशना भयो । भिक्षुले भन्नुभयो- "उपासक, उपासिकाहरू । आजको धर्मदेशनाको विषय हो तेश्रो सप्तरत्न धन- हिरी धन । जस्तो शील आवश्यक पर्दछ, हिरी धन पनि त्यस्तै आवश्यक हुन्छ । किनभने शीललाई बचाई राख्ने नै हिरी धन हो । हिरी भनेको नराम्रो काम गर्दा आउने लज्जा हो । नराम्रो काम गर्दा अरूले केही भन्ला भनेर लज्जा आउने नै हिरी धन हो ।

"लज्जा र शर्म धेरै हुनु पनि राम्रो होइन । [illegible] खराब, नराम्रो काम गर्दा लज्जा र शर्म नभई हुँदैन । हामी समाजमा बस्नु पर्नेहरू, समाजले केही भन्ला भन्ने डर हुन्छ, लज्जा हुन्छ । यही डर, लज्जाले गर्दा मान्छेहरू कुकर्म गर्न पछि हट्दछ । यही नराम्रो काम गर्दा आउने लज्जा वा हिरी धनले हाम्रो जीवनमा ठूलो भूमिका खेल्छ । यो धन नभएकाहरूको शील राम्रो हुँदैन । लज्जा शर्म नभएकाहरूले आफू मन खुशी नराम्रो काम गर्दछ अनि त्यसको फल भोग्नु पर्दछ, प्रायश्चित गर्नु पर्दछ । सबैले निन्दा गराई बस्नु पर्दछ । हीन भई तिरस्कृत गराई हेपेर नराम्रोसंग बाँचिराख्नु पर्दछ ।

मुखले कडा बचन प्रहार गर्नुभन्दा ठूलो प्रहार अरू छैन । अरूले कुरा काटी समाजमा बाँच्नु एकदम गाह्रो हुन्छ । अरूले निन्दा गराएर बाँचिराख्ने, अरूले भन्दछ भनेर लज्जा डर नहुनेहरूको जीवन चाउरे परेको फूल वा झर्न लागेको फूल समान हो । यस्तो मान्छे[illegible] खानलाई मात्र बाँचेका हुन् । बाँच्नका लागि खाएको होइन । हामीसंग समाजले कुरा गर्ला भन्ने लज्जा डर हुनु पर्दछ । हामीले चोर्नु अघि, व्यभिचार गर्नु अघि, मार्नु अघि हामीमा लज्जा डर हुनुपर्दछ । यी सबै कुरा गर्नु अघि समाजले के भन्दछ भन्ने लज्जा हुनु पर्दछ । अर्काको धनमा लोभ गर्नु अघि रिसाउनु अघि, झूठ कुरा गर्नु अघि शर्म हुनु पर्दछ । समाजको मुख टाल्न सकिंदैन । हो चाहिने नचाहिने ठाउँमा समाजले कुरा काट्दछ । यो पनि हो । असल काम गर्दा समाजदेखि डराउनु हुँदैन तर खराब काम गर्दा अवश्य पनि समाजको डर लिनु पर्दछ । यदि सबैले नराम्रो काम गर्न लज्जा शर्म भएन भने समाजको अस्तित्व नै हुँदैन समाज एकदम




Downloaded from http://www.dhamma.digital

विग्रिन्छ। लाज नहुनेले नराम्रो काम गर्दछ। अनि सबैले मन नपराई हेपाई अपमान सही बाँच्नु पर्दछ।" भिक्षुको उपदेश सुन्दा सुन्दा श्रोताहरूको आँखामा हिरी नभएर कुकर्म गर्नेहरू अगाडि देखिन थाले।

आनन्दरत्नले पनि झल्याँस सम्झे- अस्ति त चर्पीको लोटा चार्नेलाई कसरी सबैले निन्दा गरेको। बच्चाहरू उसको पछि पछि "हे लोटा चोर, भरेको कि खालि ?" भनेर चिच्चाई तालि बजाएर कराएको। आजकाल त्यो चोर घरबाट बाहिरसम्म पनि निस्किन लजाउँछ।

अस्ति मात्र बिहे नभएकी केटीको पेट बोकेको कुरो बारे कस्तो हल्ला खल्ला भएको। एकदिन त ...डीवाल साहु र त्यो केटी एउटै कोठामा बसेको बेलामा भेट्टाइहाल्यो। अहो! कस्तरी गिज्याएको तिनीहरूलाई त्यसबेला। बूढो त लाज लाएर कुम्लो ठोक्यो। २, ३ महिना त घरमै गुफा बस्यो। केटी त्यहाँबाट भागी अन्त गइन्, पछि बच्चा निकालिन् अनि त झनै चर्कोरूपले हल्ला भयो। "बच्चाको मासु नुनिलो छ कि छैन, हे राक्षसनी!" भनि सबैले गिज्याउन थाल्यो। आखिरमा त्यो केटी लाजले गाउँबाटै भागिन्। यो घटना थाहा पाउनेहरू सबैले सम्झे।

अष्टानारां ज्यापुले जहिले पनि चाहिने नचाहिने ...फ उडाउने हुनाले आफूले "काम नपाउने कुरौटे" भनि ...दवी दिएको झस्स सम्झे। झूठो कुरो बोल्ने र सधैं ...गलि गर्ने गाउँको कुख्यात "फताहा केटो" लाई पनि ...बैले सम्झे। गाउँमा कसैले मन नपराउने, कटुभाषी ...ल्ने कृषि शाखाका अफिसरलाई पनि सबैले सम्झे।

अर्काको वस्तुमा लोभ गर्ने तलसिङ्ग आयो कि ...सले आफ्नो सामान छोप्ने सम्झेर एक दुई जनालाई ...हो पनि उठ्यो। जहाँ पनि रिसाउने भएकोले गणेश बु... भइसक्दा पनि बिबाह गर्न नसकेको कुरा देवारायणले सम्झे। यसरी विभिन्न मानिसहरूले विभिन्न कुरा सम्झे, कल्पना गरे तर एउटै विचार सबैको मिल्दो छ– यदि लज्जा र शर्म भएका भए उनेहरू समाजमा त्यसरी बदनाम हुनु नै पर्दैन थियो।

कुनामा बसिराखेकी बज्यैलाई भने आफ्नो छोरा सुरनको बानी ब्यहोरा सम्झी-सम्झी सुक सुक गर्दै रूनाली।

भिक्षुले भनि नै राख्नुभयो– "यसरी हिरी धन पनि अति आवश्यक पर्दछ। जसरी देशलाई सेनाले रक्षा गर्दछ, बाँधले नदी बढ्न दिँदैन। त्यस्तै शीललाई हिरीले रक्षा गरी राख्दछ। हिरी भएन भने शीलको केही महत्व हुँदैन। जससंग लज्जा हुँदैन त्यो नराम्रो काम गर्न पछि हट्दैन। जहिले पनि हिरीलाई आफ्नो खराब कर्मको विरुद्धको रक्षक भनेर सम्झिराख्नु। आफ्नो चरित्र यति राम्रो बनाइराख्नु कि कसैले निन्दा गर्ने ठाउँ नै नहोस्, निन्दा गरेता पनि लोकले पत्यार नगरोस्। नराम्रो काम गर्दा पैसावाल भएता पनि, ऐश्वर्य रूप भएको भएता पनि, नाउँ चलेको भएता पनि, समाजले जरूर पनि तिरस्कार गर्दछ। समाजमा बदनामबाट बच्ने धन रूप होइन, बरू हिरी धन हो। हिरी धन बनाउने हो भने नराम्रो काम गर्न लज्जा शर्म होस्। हामी धेरैले मन पराएर बाँचौं। यसरी बाँच्ने कि मर्दाखेरी पनि मलामी जानेहरूको आँखाबाट पनि २ थोपा आँसु झरोस्। कथा सिद्धियो सबै उठेर गए। पण्डितनी बज्यैको घर नजिकको एकजनाले उसमाथि सहानुभूति ब्यक्त गर्न आयो। अनि के चाहियो ? कुरा फैलिहाल्यो। सबैले उसलाई घरबाट निकालिएकी भनेर थाहा पाई हाल्यो। सबैले 'च, च' गर्न थाल्यो र छोरा चाहिनेलाई गाली गर्दै आमा चाहिंमाथि करुणा राख्यो। 'अब के गर्ने ?" कहाँ जाने भन्ने हल्ला भिक्षुकहाँसम्म पुग्यो। सबैको राय सर सल्लाह बमोजिम दान आउने वस्तु नै उसलाई खुवाउने निर्णय भयो।

मान्छेहरूको हुल भइराखेको बखतमा नै एउटी उपासिकाले विस्तारै बुद्धको अगाडि बलिराखेको चाँदीको पाला (देवा) आफ्नो ढक्कीमा राखीन्। एकजना बुढोले देखेर कराए- "हे त्यो के गरेको ? भर्खर हिरी धनको कुरा बतायो। अहिले नै हिरी धन सिध्याएर पाला उडाउन लागेको ? लाज पनि लाग्दैन। सबैको ध्यान त्यतातिर नै मोडियो। उपासिकाको ढक्कीबाट त्यो पाला निस्कियो सबैले उसलाई उल्ली- विल्ली बनाए। त्यो उपासिकाको मुखै रातो भई। पछ्यौराले मुख छोपी खुरुरु विहारबाट भागिन्।

संगै राखिराखेको अर्काको ढक्कीबाट हात लामो गरी आम्खोरा (करुवा) उडाउन लागेकी धनमायालाई अघि पाला चोर्न लागेकी उपासिकाको बेइज्जत भएको देखेर डरले सुटुक्क त्यहीं नै आम्खोरा राखी। उसलाई चोर्न लाज भयो, लज्जा भयो, शर्म भयो... हिरी धन आयो।

"लज्जा र शर्मले गर्दा हाम्रो समाज

पिछडिराखेको हो । त्यसैले हिरीलाई धन भनेर कसरी भन्ने ? लज्जा र शर्म समाजको कुरीति हो । "आनन्दरत्नले सोधे ।" नराम्रो काम गर्दा आउने नै हिरी हो । जहाँपायो त्यहीं लज्जाउने हिरी होइन । चाहिने नचाहिने ठाउँमा लज्जाउने पक्षमा म पनि छैन । स्त्रीहरूलाई स्वतन्त्रता नदिएर पर्दाभित्र मात्र राख्नु समाजको कुरीति हो ।" भिक्षुले भन्नुभयो ।

अलि चुप लागेर फेरि आनन्दले सोधे– "धोवी र गधाको कथा जस्तो सबैको मुख टाल्न सकिंदैन । जस्तै राम्रो काम गरेता पनि मान्छेहरूले कुरा काटिहाल्छ ।"

भिक्षुले जवाफ दिनुभयो- "ठीक भन्यौं । सबैको मुख त टाल्न सकिंदैन । त्यसैले सबैको होइन, धेरैको चित्त बुझाउन कोशिश गर्नु पर्छ । त्यो पनि सत्यको आधारबाट । सत्यको लागि लज्जा छोड्नु पर्दछ । सत्य काम गर्न लजाउने हिरी धन होइन । त्यस्तै क्रान्तिकारीहरू असल काम गर्दा निन्दा गर्दछ भनेर लजाउनु हुँदैन । त्यसरी लजाउनु हिरी होइन । किनभने उसले खराब नराम्रो काम गर्न आँटिको त होइन ?"

"हिरी नभई मानव समाजको कल्पनासम्म गर्न सकिंदैन । अर्काको अगाडि बदनाम हुन्छ भन्ने शर्म छैन, डर छैन भने समाज एउटा कुकर्मको रणक्षेत्र हुन्छ । समाजलाई हिरी त्यति नै आवश्यक पर्दछ जति रथलाई घोडा आवश्यक पर्दछ, जति बत्तीलाई प्रकाश आवश्यक पर्दछ जति जीवनलाई ज्यानको आवश्यक पर्दछ ।"

सुरमानलाई मरे तुल्य भइसक्यो । मरेर गए नै कल्याण हुन्थ्यो । सबैले नाना तरीकाबाट निन्दा गर्दथ्यो अपमान पर्दथ्यो गिज्याउँथ्यो कसैको अगाडि पनि शिर ठाडो पारी हिंड्न नसकिने भयो ।घरबाट बाहिर गयोकी सबैले गिज्याउने, आफू आफूमा कुरा काट्ने, भित्र भित्र बदनामको आगो बलेको धेरै भयो । आमा चाहिंलाई निकाल्दा त दन्कियो । त्यसभन्दा पनि देवता चोर्दा त त्यो आगो झन दन्किएर उनीहरूको घर समेत सखाप हुने जस्तो भयो ।

अस्ति सुरमानले आफूले भने जस्तो देवता गायब गऱ्यो । सबैले रिसले देवता खोज्न शुरू गऱ्यो । पूजा गर्ने मात्र होइन, पहिलेदेखि नै चाला माला नराम्रो भएको हुनाले सबैले उसमाथि शंका गऱ्यो । थकालीले त आफ्नो शंका उसैको अगाडि नै व्यक्त गऱ्यो । सुरमान आगो भयो । थकालिसंग घोर घमासान भयो । अन्तमा सुरमानको घरमा तलासि लिने निर्णय भयो । उसको घर भरि चारैतिर हेऱ्यो । कहाँ पाइन्छ ? चोरले पनि चोरेको सामान आफ्नो घरमा राख्दछ ? देवता पाउन नै सकेन । सुरमानले झनै शान देखाइ करायो– "त्यसै नचाहिंदो नचाहिंदो किसिमबाट अर्कालाई बेइज्जत गर्न आउँछ । अर्काको मात्र इज्जत छैन ?" खोज्न आउनेहरू लाजले भूतुक्क भए ।

'जो चोर उसैको ठूलो स्वर भने झैं' सुरमानको चुलोमा देवताको एउटा किकींपा (मुकुट) फेला पऱ्यो । धाक छोडिराख्ने सुरमानलाई सबै मिली पाता कसे । तीन चार जनाले लात्ताले पनि हिर्काए । कुरा बाहिर फैलियो कि आफ्नो टोलको नै बेइज्जत हुन्छ भनेर सुरमानलाई पुलिसकहाँ पठाइएन बरू आफ्नो टोलबाटै निकालेर पठाए ।

कुरा जति लुकाए पनि लुकिने होइन एक न एकदिन पोल खुलिहाल्छ । यो त समाजको नियम हो प्रशंसा भए मात्र विस्तारै गरिन्छ । निन्दा गर्ने भएत नून खुर्सानी छर्कि बेसरी गरिन्छ । सुरमानका 'कुकर्महरू सबै दूधमा पानी फैलिए जस्तो फैलियो ।' बैदारको काम गरिराखेका सुरमानलाई त्यहाँबाट गलहत्याएर धपाइयो । काम खोज्न गयो तर कहिं पनि पाउन सकेन । सबैले हेला गर्न थाले । आफ्नो देवता त बाँकी नराख्नेले हाम्रो पनि के बाँकी राख्ला भनेर सबै जजमानहरूले उसलाई कामबाट निकालिदिए । दक्षिणा आउने बाटो बन्द भयो । पैसा नभएको हुनाले भट्टीवालाले पनि भऱ्याङबाट खसालेर पठाइदिए । सुरमानलाई कहाँ जाने, कहाँ बस्ने भयो ।

पानीमा डुबेपछि मात्र पौडि खेल्नेको महत्व हुन्छ । आफूलाई चारैतिरबाट तिरस्कार गरेपछि मात्र सुरमानलाई होश भयो । 'हिरी' गुणको महत्व बुझ्यो समाजको डर कत्तिको चाहिन्छ भन्ने चाल पाए ।

आज पनि काम फेला पार्न नसकेर आइराखेका, तीन दिन भइसक्यो अन्न मुखमा नपरेका सुरमान हिंड्न नै सकेन । थ्याच्च एउटा रूखको छहारीमा बस्दछ । आफ्नो दुर्दशा सम्झी सम्झी आफ्नो पापको प्रायश्चित्त र भूल स्विकार्ने उसले निर्णय गऱ्यो ।

आफ्नी आमालाई पनि फिर्ता ल्याई राम्ररी पालन पोषण गर्ने पक्का गरे । आफ्नो कुकर्मदेखि वाक्क भएको सुरमान आफै रूनथाल्यो ।

"यदि मलाई समाजदेखि लज्जा भएको भयो दुर्दशा हुने नै थिएन... ।" क्रमश:



Downloaded from http://www.dhamma.digital

# ऋषिणी प्रव्रज्या हुँदाको मेरो अनुभव

✍ चन्द्रावती तुलाधर, सितापाइला

जुनसुकै कार्य र कुराको व्यवस्था मिलाउन आफ्नो भाग्य र मेहनतको आवश्यक हुन्छ। यसको साथै सतसंगत पनि राम्रो हुनुपर्छ भनिएको छ। यस भनाईलाई मेल खाने गरी मेरो संगत पनि विहार र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू संग हुन पुग्यो। आफ्ना परिवारका सदस्यहरू र नाता कुटुम्बहरू धेरैजसो अध्ययन गोष्ठीमा सदस्यहरू भएको नाताले मैले यस गोष्ठीको सदस्यता प्राप्त नगरेपनि यस गोष्ठीमा हुने गरेका विभिन्न गतिविधिहरूलाई बुझ्ने र थाहा पाउने मौका प्राप्त गर्थें।

त्यसैले यस अध्ययन गोष्ठीले मिति २०६० असार १ देखि ७ गते सम्म धर्मकीर्ति बसुन्धरा विहार बसुन्धरा डोलमा संचालन हुने अल्पकालीन प्रव्रज्या शिविर बारेको समाचार मलाई यस गोष्ठीका सदस्य प्रफुल्ल कमल ताम्राकारबाट प्राप्त भयो। उनीले मलाई उक्त शिविरको फाराम ल्याई उक्त शिविरमा ७ दिन सम्म ऋषिणी बन्ने मौका मिलाई दिइन्।

यस सुवर्ण अवसर मिलाइदिएकोमा प्रफुल्ल कमल ताम्राकारलाई सुखी होस् भन्दै आशिर्वाद दिँदैछु। यस सातदिने समारोहको अन्तिमदिन समापन समारोहमा मलाई आफ्नो अनुभव बताउने मौका प्राप्त भएकोले आफ्नो अनुभव बताउँदैछु।

सर्वप्रथम भगवान बुद्धलाई वन्दना। त्यसपछि पूज्यनिय भन्ते गुरुमांहरूलाई वन्दना। यस सभामा सहभागी हुनुभएका सबै धर्म साथीहरूलाई नमस्कार। मलाई यसरी दुईशब्द बोल्ने अवसर दिनु भएकोमा सबलाई धन्यवाद ज्ञापन गर्दछु।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजना अनुसार ७ दिन अल्पकालिन श्रामणेर र ऋषिणी प्रव्रज्या शिविरमा ऋषिणी बन्ने मौका दिनु भएकोमा अध्ययन गोष्ठीका सदस्यहरूलाई धेरै धन्यवाद दिन चाहन्छु।

यसरी ७ दिन सम्म ऋषिणी भएको लक्ष नै आफ्नो चित्तलाई परिवर्तन गरी आध्यात्मिक ज्ञान लिन सक्नको लागि हो। स्वच्छ वातावरण र पवित्र व्यक्तिहरूसंग जीविका गर्न पाएमा हाम्रो चित्त पनि स्वच्छ र शिक्षित बनाउन कठिन नहुने रहेछ। दूषित वातावरण र अशिक्षित व्यक्तिहरूसंग रहनुपर्दा हाम्रो मन त्यति हलुका हुन सक्दैन।

बर्मा देशबाट आउनु भएका भन्तेहरू लगायत नेपालका भन्ते गुरुमांहरूको तर्फबाट प्रवचन सुनी मैले थुप्रै ज्ञानगुणका कुराहरू सिक्ने मौका प्राप्त गरें। अनि आफ्नो चित्तलाई चिन्ने मौका पाएँ ध्यान गरी।

भन्ते गुरुमाँहरूले प्रवचन दिने क्रममा भन्नुभयो- "चित्त नै मुख्य हो। त्यसकारण हामीले आफ्नो चित्तलाई शुद्ध र शिक्षित बनाउन आवश्यक छ। ऋषिणी नबन्दै घर गृहस्थीमा बसिरहेको बेलामा मैले आफ्नो चित्तलाई चिन्ने प्रयास गरेको थिइन। तर ऋषिणी बनी ध्यान गरेपछि मात्र मैले थाहा पाएँ यो चित्त त ध्यान गर्दा गर्दै पनि आफ्नो काम छोडी छोडी भाग्दो रहेछ। कत्तिको चंचल रहेछ यो चित्त। यदि हामीले यो चित्तलाई आफ्नो बशमा राख्न सकेको खण्डमा हामीलाई धेरै नै फाइदा हुँदो रहेछ। कामनलाग्ने अर्थ न बर्थका चिन्तनामा भुल्ने यस चित्तलाई होशीयारी बन्दै समाती राम्रो काममा भुलाउन सकेको भए हाम्रो जीवन कति सार्थक हुने थियो।

शील भन्दा खेरि मैले त अष्टशील र पञ्चशीललाई मात्र बुझ्ने मौका पाएको थिएँ। तर अहिले मलाई थाहा भयो- आफूले पाइला चाल्ने देखि लिएर खान, पान, सुत्ने, उठ्ने समयमा समेत आफ्नो दिन चर्यामा विचार पुऱ्याउँदै आफूलाई संयम राख्नु पर्ने रहेछ। शील भनेको त विशेष दिनमा मात्र पालन गरेर पुग्दैन। आफ्नो दैनिक जीवनमा, व्यवहारमा सधैं प्रयोग गर्नु पर्ने रहेछ। यसरी मेरो पहिलाको दैनिक जीवन र हालको जीवनमा थुप्रै फरक पाएँ मैले।

ऋषिणी जीवन त्यागी घर फर्कीसकेपछि अष्टशील पालन गर्न सकिने हो र ? भनी मनमा एक प्रकारको शंका उत्पन्न भइरहन्थ्यो। तर बेलुकीपख अलि भोक लागेको अनुभव भएपनि आफुले आफैलाई अष्टशील पालन गरिरहेको स्मरण गराउँदै चित्तलाई बशमा राख्दै सुतेपछि मज्जाले निदाउँदो रहेछ। यसरी आफ्नो मनलाई संयम गर्न सकेमा पञ्च इन्द्रियलाई पनि राम्ररी नै बसमा राख्न सक्दो रहेछ।

घण्टिको इशारामा विभिन्न कार्यक्रम अनुसार दिन बिताउन परेको कारणले दिन बिताउन त्यति कठिन भएन। बोर्डिङ्ग स्कुलमा बस्ने विद्यार्थीहरूले जस्तै रुटीन अनुसार काम गरी जीवन बिताउन पाएकोले ज्यादै सरल लाग्यो ऋषिणी जीवन।

बिहान ५ बजे देखि बेलुकी ९ बजे सम्म अध्ययन गोष्ठीका सदस्यहरू लगायत गुरुमांहरूले यस कार्यक्रममा थुप्रै मेहनत गरी यस कार्यक्रम सफल पार्नु भयो।

दिनहुँ सन्तुलित भोजन, जलपान र सरवत दान

दिनुहुने दाताहरूको आयू आरोग्य होश भनी शुभकामना व्यक्त गर्दछु ।

धारामा पानी नआएकोले इनारको पानीले नुहाउँदा रूघा खोकी लागी बिरामी होइन्छ कि भन्ने पीर ले नुहाउने व्यक्तिहरू नै थिएन । जाडो याममा भए त केही थिएन । तर वर्षा याम भएकोले नुहाउन पाए हुने थियो भन्ने लाग्थ्यो ।

शिवीरमा भाग लिनुहुने ऋषिणीहरूको लुगा एकै प्रकारको (Uniformity) भएमा अझ राम्रो हुने महशूस पनि गरियो ।

सात दिनसम्म यसरी ऋषिणी जीवन सफलतापूर्वक बिताउने मौका दिनुभएमा सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बेला बखतमा यस्तो कार्यक्रमहरू संचालन गर्न सकोस् र आफुले पनि यस कार्यक्रममा भाग लिने मौका प्राप्त गर्न सकोस् भनी आशिका गर्दै मेरो अनुभव यहिं टुंग्याउन चाहन्छु । ■

## शान्ति र मनुष्य समाज

*– मैत्री महर्जन, गोच्छें, नयाँ बसपार्क*

पहिले यो धर्ती कति शान्त वातावरण थियो
सबै प्राणीहरू हाँसी हाँसी रमाउँथ्यो
कोइली गीत गाउँथ्यो भने मयूर नाच्थ्यो
रमाइलो र शान्त वातावरणमा सबै सुखीसाथ रमाउँथ्यो ।

यही देश नेपालमा गौतम बुद्ध जन्मिए
यसैको खुसीयालीमा सबैले धुमधामसँग मनाए
तर अहिले यो देश नेपालमा कोलाहल मच्चियो
सबै मानिसहरू शान्तिको खोजीमा लागिरह्यो

बुद्ध तिमीले हामी सबै मानिसलाई छोडेर गईदिंदा
हामी सबै मानिसहरू अहिले लागिरहेछौं शान्तिको खोजिमा
कैयौं मानिसहरू मृत्युको डरमा बस्नुपरेको छ ।
कैयौं बालबालिकाहरू शिक्षाको ज्योतिबाट बञ्चित भई बस्नुपरेको छ ।

तर अहिले शान्ति खोजेर कहाँ गएर पाउनु
शान्तिका प्रवर्त्तक गौतम बुद्धलाई कहाँ गएर खोज्नु
हामी मानिसहरू त यता न उता डुलिरहेछौं
शान्तिकै खोजीमा हामी मानिसहरू भौतारिहेछौं

तर जति शान्ति खोज्दा पनि हामी मानिसले पाउन सकेनौं
देशलाई पनि हामी मानिसले शान्ति बिना विकास गर्न सकेनौं -२

## धन्य धन्य गणेश कुमारी छ:पिन्त धम्मवतीया नामं जाल

धन्य धन्य गणेश कुमारी छ:पिन्त
धम्मवतीया नामं जाल

जन्म कुल धन बुद्धया अंश,
मिसा मचाया रूप क्याः ।
योगु नयाः अले योगु तियाः,
याकः म्ह्याय् जुया तिं तिं न्हुयाः । धन्य धन्य

फिं प्यदँयागु क्यातुगु उमेरे,
माँया मुले म्हिता म्हिताः ।
बल गथे भावना गृहत्यागया,
स्त्री शोषण उगु शामन्ती इले । धन्य धन्य

अनित्य खंका मैत्री दयका,
छुं याना वनेमाः धेगु धुइकाः,
चान्हिं कठोर परिश्रम यात वं,
प्रव्रजित जीवन हना अले । धन्य धन्य

पार याना बल बुद्ध बचन वं,
अति बाँलाक अन ब्वना ब्वनाः ।
पदवि का काँ सकस्याँ ये काः
धम्मवतीया नामं जायकाः । धन्य धन्य

अन्ध विश्वास दुपिना च्वंपिं,
बुद्ध धर्मया अर्थ मथूपिं,
न्या लाय् धाधां ब्याँचा लाईपिं,
मिखा दयानं खंके मफुपिं । धन्य धन्य

न्हीका, न्हीका, धुइका धुइकाः,
बाखँ कना बिल मन हे नायक
बोध याना बिल मिखा इमि चायकाः
अन्धविश्वाशया पर्दा खुना । धन्य धन्य

मानव जीवन दुर्लभ सीका
पंचशीलया पालन याका
धर्मया पुसा पिना धौ वं थन
मैत्री दानया मू खंकाः ।

धन्य धन्य गणेश कुमारी छ:पिन्त
धम्मवतीया नामं जाल ।

*– लक्ष्मी हीरा तुलाधर, ज्याठा ठमेल, काठमाडौं*



Downloaded from http://www.dhamma.digital

# ऐतिहासिक सि.ख.न. चैत्य (स्तूप) एक अध्ययन

✍ कृष्ण कुमार प्रजापति, मगदेश बुद्ध विहार

**भौगोलिक परिचयः**

ललितपुर जिल्लाको दक्षिण भेगमा विकट पहाडी क्षेत्रको खोंचमा अवस्थित एक सानो सुन्दर गाउँको नाम हो "मानिखेल" । यसै गाउँ ठाउँको नामबाट मानिखेल गा.वि.स. नामाकरण गरेको रहेछ । मानिखेल गा.वि.स. वडा नं. १ स्थितको ठाउँ नै "मानिखेल' रहेछ । 'खेल' शब्द नेपाल भाषाको "ख्यो" शब्दको नेपाली उच्चारण हो । त्यसैले नेपालभाषामा त्यस ठाउँ र गाउँलाई "मानिख्यो" भनिन्छ । यस मानिखेल गा.वि.स.को पूर्वमा गोटी खेल (गोटीख्यो), पश्चमीममा बुखेल (बुख्यो), दक्षिणमा गिम्दी गा.वि.स. तथा उत्तरमा चोधरे गा.वि.स. र भारदेउ गा.वि.स. पर्दछ । यसरी चारैतिर चार पाँच वटा पहाडी गा.वि.स.ले घेरिएको सुन्दर प्राकृतिक छटाले भरिएको ठाउँ र गा.बि.स. हो मानिखेल । पहाडको फेदमा, खोंचमा रहेको मानिखेल गा.वि.स.को वडा नं. १ स्थितको मानिखेलमा ठूलठूला तीन वटा चैत्य (स्तूप) हरू पूर्व देखि पश्चीम गरी पंक्तिबद्धढंगले प्रतिस्थापित गरेको थियो । अझ बीचको चैत्य (स्तूप) अरु दुई वटा चैत्य भन्दा पनि ठूलो थियो । यही तीन वटा चैत्य (स्तूप) हरूलाई नै सि.ख.न. चैत्य (स्तूप) भन्ने गरिन्छ ।

**सि.ख.न. चैत्यको नामांकरणः**

स्थानीय तामाङ्ग जनजाति बन्धुहरूको भाषामा स्वयम्भूलाई "सिम्बू" भन्ने गरीन्छ । यहिं "सिम्बु' को अघिलो अक्षर "सि." नै स्वयम्भूको प्रतीक भयो । त्यस्तै "बौद्ध" अर्थात "बौद्धनाथ" लाई "खस्यौर" भनिन्छ । यहि "खस्यौर' को अघिलो अक्षर "ख." को प्रतीक बौद्ध भयो । र "न." बाट "नमो बुद्ध" को छोटो प्रतीकात्मक अर्थ जनाएको हो, थियो । यसरी सि.ख.न. ले स्वयम्भु, बौद्ध र नमोबुद्धको प्रतीकात्मक अर्थ झल्कने गरी त्यस मानिखेलमा प्रतिस्थापित चैत्य (स्तूप) मा पनि पश्चीममा स्वयम्भू चैत्य (सि.) बीचमा अलि अरु चैत्य भन्दा ठूलो बौद्ध (ख.) र पूर्वमा नमो बुद्ध (न.) रहेको छ । जसरी काठमाडौं उपत्यकाबाट पूर्वमा नमोबुद्ध बीचमा बौद्ध र त्यसपछि पश्चीममा स्वयम्भू भनेजस्तै त्यहाँ पनि यी तीन वटा ऐतिहासिक साँस्कृतिक चैत्य (स्तूप) हरू क्रमैसित मिलाएर प्रतिस्थापित गरेका थिए । पश्चीमबाट पूर्वतिर रहेका ऐतिहासिक साँस्कृतिक चैत्य राजहरूको नाम लिने, उच्चारण गर्ने अर्थमा सि.ख.न. चैत्य (स्तूप) को निर्माण गरेको रहेछ, पाईन्छ ।

ऐतिहासिक एवं साँस्कृतिक दृष्टिकोणबाट छुट्टै महत्व बोकेको सि.ख.न. चैत्यको निर्माण र प्रतिस्थापन कहिले भयो, थाहा पाउने कुनै शिलालेख, अभिलेख त देखा परेको छैन । तर त्यहाँको वस्तुस्थिति र वातावरणले बताउँछ कि त्यो पक्कै पनि ५/६ सय बर्ष पुरानो चैत्य (स्तूप) हुनु पर्दछ । पञ्चायती व्यवस्थाको शुरुदेखि वि.सं. २०३८ सालसम्म निरन्तर मानिखेल गा.वि.स. को प्रधानपञ्च हुनु भएका ७२ बर्षीय बयोबृद्ध समाजसेवी श्री लाल बहादुर लामा, जो यसै चैत्य (स्तूप) को परिसरको उत्तरपट्टिको घरमा बस्नु भएको छ, भन्नु हुन्छ- "यो सि.ख.न. चैत्य (स्तूप) हो, यसको निर्माण पाटनका मल्ल राजा सिद्धिनरसिंहले गरी प्रतिस्थापन गर्नु भएको थियो । त्यसबेला यहाँ बुद्ध धर्ममा आस्था राख्ने नेवारहरूको बस्ती थियो ।"

हुन त, यो मानिखेल, यसको पूर्वपट्टि रहेको गोटीखेल र पश्चीमपट्टि रहेको बुखेल गा.वि.स.हरूको नामबाट नै थाहा हुन्छ कि यी गा.वि.स.हरूको नाम नै नेपालभाषाबाट (गोटीख्यो) र बुखेल (बुख्यो) जस्तैः आजपनि पाटन ललितपुरमा "लगनखेल" (लगंख्यो), जावलाखेल (ज्यावलाख्यो) रहेका छन् । त्यसै गरी उपत्यका भित्र बाहिर जहाँ तहीं पनि यस्ता नेवार बस्तीछन्, जस्तैः धुलिखेल (धौख्यो) भुलांखेल (भुलांख्यो), भुरूङ्खेल (भुईख्यो, भुरूङ्ख्यो) महाखेल (महाख्यो) आदि ।

त्यसबेलाका बज्रयानी, महायानी बुद्ध धर्ममा आस्था राख्ने स्थानीय मानिखेल, गोटीखेल र बुखेलका बासिन्दाहरू सबैले सँधैजसो स्वयम्भु, बौद्ध र नमोबुद्ध जस्ता पवित्र एवं पूण्यभूमिमा तीर्थयात्रा गर्न सक्तैन । तसर्थ स्थानीय उपयुक्त ठाउँमा माथी उल्लेखित चैत्यराजहरू प्रतिस्थापन गरी सदा दर्शन-पूजन गरी सम्यक जीवन यापन गर्न सकोस् भनी मानिसखेलमा स्थानीय सद्विवेकी, धार्मीकसोच भएका, दुरदर्शी भावना भएका मानिसहरूले राजा सिद्धिनरसिंह मल्लको पालामा शायद प्रतिस्थापन गरी आएको पनि हुन सक्छ । स्थानीय ठाउँमा यसरी तीन तीन वटा ऐतिहासिक-साँस्कृतिक महत्व भएका चैत्यराजहरू प्रतिस्थापन हुनु भनेको चानचुने कुरो होईन । स्थानीय मानिसहरूको

श्रद्धाभावद्वारा दिनहुँ दर्शन-पूजन गर्न स्थापित चैत्यराजहरू इतिहासको कालखण्डमा त्यसको स्वरूपहरू नष्टभ्रष्ट भए, चैत्य (स्तूप) हरू प्रतिस्थापन गर्ने समुदायहरू विभिन्नकारणबाट विस्थापित हुन गयो होला। कालान्तरमा अन्य जाति जनजातिहरूले त्यस ठाउँ ओगटेको पनि हुन सक्छ। पछि तामाङ्ग बन्धुहरूको बास स्थल भएपछि आफ्नै किसिमबाट नामाङ्करण गरी आजसम्म सि.ख.न. चैत्यको रूपमा जिर्णोद्धार भै खडा भएको देखा पर्दछ। इतिहासको चिनो अद्यापि शेष रहेको छ।

**मानिखेल नामाङ्करण:**

स्थानीय जनश्रुति अनुसार त्यो खेलमा चौरमा तीन जना शिद्ध पुरुष (लामा गुरु) हरू सिद्धता प्राप्त गर्ने क्रममा अलप भएर, बिलाएर गयो र तीन वटा 'मानि' (माने) मात्र देखा परेकोले त्यहाँ देखि त्यस ठाउँलाई, खेललाई "मानिखेल" भन्न थाल्यो, कहलियो। त्यहाँ देखा परेको "मानि" लाई र शिद्ध पुरुषहरूको अस्तिधातुलाई समावेश गरी बनाएको चैत्य (स्तूप) नै कालान्तरमा सि.ख.न. चैत्य (स्तूप) नै स्थानीय मानिसहरूलाई धेरै टाढा गएर तीर्थ यात्रा गर्न कठीन हुने भएकोले सहज र सुगम ढंगले स्थानीय ठाउँमा सदा दर्शन-पूजनगर्न सजिलो होस् भन्नाखातिर स्वयम्भू (सि.) + बौद्ध (ख.)+ नमो बुद्ध (न.) प्रतिस्थापन गरी दूरदर्शिता प्रदर्शन गरेको, सद्विवेक प्रयोग गरेको, श्रद्धाको प्रतीक खडा गरेको जिउँदो जाग्दो ऐतिहासिक-साँस्कृतिक प्रमाण हो।

**सि.ख.न. गुम्बा:**

मानिखेल गा.वि.स. वडा नं. १, मानिखेलमा अवस्थित सि.ख.न. चैत्य (स्तूप) को परिसरमा पश्चीम पट्टि पूर्वतर्फ मोहडा गरी हाल एक तल्लाको सि.ख.न. गुम्बा निर्माण गरेको छ। हुन त एक डेढ बर्ष अघिनै नेपाल तामाङ्ग घेडुङ्ग को केन्द्रीय अध्यक्ष श्री परशुराम तामाङ्गबाट यस निर्मित गुम्बाको शिलान्यास भएको थियो भने ने.सं. ११२३ तछलागा-७, शनिबार, ई.सं. २००३ जून-२१, वि.सं. २०६० असार-७, शनिवारको दिन नेपाल तामाङ्ग घेडुङ्गका केन्द्रीय उपाध्यक्ष श्री रत्न सागर लामाबाट नव-निर्मित सि.ख.न. गुम्बा उद्घाटन भएको पुनित कार्यक्रममा थेरवाद बौद्ध दायक' केन्द्रीय परिषदका उपाध्यक्षको हैसियतबाट यस लेखका पंक्तिकारले बौद्ध जगतमा त्रिरत्न र पञ्चशीलको अर्थ र महत्वबारे आफ्नो मन्तव्य दिएको थियो भने विशेष अतिथिको रूपमा पुग्नु भएका डा. सानुभाइ डंगोलले आर्य अष्टांगिक मार्गको बारेमा मन्तव्य राख्नु भएको थियो। यसरी केन्द्रीय परिषद्बाट प्रतिनिधित्व गर्नु भएका बय महानुभावले विशेष अतिथिको भूमिका निभाउनु भएको थियो। सि.ख.न. गुम्बाको स्थापना र निर्माण गर्नुको तात्पर्य नै सि.ख.न. चैत्य (स्तूप) को संरक्षण र सम्बर्द्धन गर्नु हो, रहेछ। सि.ख.न. गुम्बाका लामा गुरु र संरक्षण समितिका पदाधिकारी सदस्यमहानुभावहरूको अगुवाईमा र सक्रियतामा सि.ख.न. चैत्य (गुम्बा) मर्मत सम्भार गरेको देखिन्छ। हाल सि.ख.न. गुम्बामा प्रमुख लामाको रूपमा ईन्द्रमान मोक्तान रहनु भएको छ।

मानिखेल गा.वि.स. को वडा नं. ८ स्थित कम्राङ्गमा हालसालै "कम्राङ्ग बुद्धविहार" रूपी गुम्बाको शिलान्यास भएको छ। सि.ख.न. गुम्बा उद्घाटन हुनु एक दिन अघि अर्थात ने.सं. ११२३ तछलागा-६, ई.सं. २००३ जून २० , वि.सं. २०६० असार- ६ शुक्रबारका दिन शिलान्यास भएको कुरो त्यहाँको लामा गुरुकाइलासित बाटोमा भेट हुँदा भन्नुभएको थियो। मानिखेल गा.वि.स. को पूर्वी सिमाना तर्फको गोटीखेल गा.वि.स. मा पनि गुम्बा रहेको बुझियो भने पश्चीम तर्फको बुखेल गा.वि.स. मा पनि गुम्बा रहेछ। यसरी तीन वटै गा.वि.स. महायानी बौद्ध धर्मबाट प्रभावित तामाङ्ग जनजातिको बाहुल्यता भएको रहेछ।

**जनसंख्या र मतदातासंख्या:**

यस मानिखेल गा.वि.स. मा कुल जनसंख्या करिब तीन हजार जति थियो भने मतदाता संख्या तेन्ह/चौध सयजति मात्र थियो। मानिखेल गा.वि.स. क्षेत्रमा तामाङ्ग जनजातिको बाहुल्यता भएको छ भने जैशी बाहुन पनि नभएको होईन। दलित जातिमा दमाई मात्र थियो। यसरी मानिखेल गाउँ क्षेत्रमा जम्मा तीन जाती जनजाति मात्र बसोबास गरेको रहेछ। अझ वडा नं ७ र ८ मा त अधिकाँशत: तामाङ्ग बन्धुहरू मात्रको बसोबास रहेछ। पेशा व्यवसाय: यस मानिखेल गा.वि.स. जस्ता विकट पहाडी क्षेत्रका सम्पूर्ण बासिन्दाहरूको पेशा भनेको कृषि नै हो। यस क्षेत्रमा मकै, गहुँ र धानको उत्पादन गर्ने गरीन्छ भने करेसाबारीको रूपमा तरकारी खेती पनि गरीन्छ। आय आर्जन गर्ने व्यवसायको रूपमा अधिकांस गाउँलेहरूले भैंसी पालनगरी दुध बिक्री गर्ने गर्दथ्यो। यसमानिखेल- १ बाट मात्र प्रतिदिन ४ हजार लिटर दुध उत्पादन गरी बजारमा लाने लैजाने गर्दथ्यो।

**विद्यालय:**

यस मानिखल गा.वि.स. क्षेत्रभित्र ५ वटा



Downloaded from http://www.dhamma.digital

विद्यालयहरू संचालन भै रहेका छन् । जसमा ४ वटा प्रा.वि. र १ वटा मा.वि. रहेछ । १ वटा मा.वि. त सि.ख.न. चैत्य (स्तूप) परिसरमा पश्चीमपट्टि सि.ख.न. गुम्बाको उत्तरपट्टि संचालन भै रहेको देख्न पाईयो ।

गोटीखेल गा.वि.स. : मानिखेल गा.बि.स. को पूर्वपट्टिको सिमानाको रूपमा रहेको गा.वि.स. को गोटीखेल/"गोटीम्हितिगु ख्यो" अर्थात गोटी खेल्ने चौर वा, खेल वा, मैदान भएकोले नै गोटीखेल भनिएको रहेछ । यही ठाउँको नामबाट गोटीखेल गा.वि.स. को क्षेत्र निर्धारण गरेको रहेछ । गोटी खेल ठाउँ ललितपुर जिल्लाको दक्षिण पट्टिको विकट पहाडी क्षेत्रको एक किसिमको सानो सदर मुकाम भन्दा केही फरक पर्दैन । गोटीखेलको आकर्षणको केन्द्र भनेको स्थानीय श्री महाँकाल उच्च मा.वि. रहेछ । यसमा विहान उच्च मा.वि. को रूपमा कक्षा १०+२ को अध्ययन अध्यापन गरेको देख्न पाईयो । दिउँसो कक्षा १ देखि १० सम्मको मा.वि. तहको अध्ययन अध्यापन गराउने रहेछ । यस मा. वि.को उत्तर पश्चीम भै फैलिएको १५।२० घर जतिको सानो बजार छ । कृषि भवन गा.वि.स. भवन लगायत अन्य २ वटा जति सरकारी भवन रहेछ । जनयुद्धको प्रभाव अघिसम्म यस श्री महाँकाल उच्च मा.वि.मा एस.एल.सी. परीक्षा लगायत उच्च मा.वि.को परीक्षा केन्द्रको रूपमा रही परीक्षा संचालन गरी स्थानीय लाभान्वित परीक्षार्थीहरूलाई सहुलियत सुविधा दिई आएको रहेछ ।

नेपाल तामाङ्ग घेडुङको सक्रियतामा यस क्षेत्रका तामाङ्ग जनजातिमा जातीय, धार्मीक, भाषीक र साँस्कृतिक चेतनामा क्रमिक रूपमा अभिवृद्धि भएको जानकारी हुँदै आएको छ । त्यस्तै गरी थेरवाद बौद्ध दायक केन्द्रीय परिषदको सम्पर्कमा रही सम्यक र सही धर्मको अववोध गर्ने खातिर पनि लागि परी आएको देखिन्छ । यसको श्रेय दुबै उल्लेखित संस्थालाई दिनुपर्दछ । ■

ने.सं. ११२३ तछलागा-१०, ई.सं २००३ जून-२४, बि.सं. २०६० असार-१० मंगलबार बुद्ध सम्बत् २५४७

# कर्म

- राजा वज्राचार्य
*युवा बौद्ध समूह, यँ ।*

"ओहो ध्व जिगु कर्म,
न्हापाया जन्मय् छु पाप याना वया
गुकें ध्व जन्मय् ध्व दुःख सी माल
थजाःगु कर्म भोग याना च्वने माल ।
खः... बांलाःगु कर्म मयाःगुलिं हे
बांमलाःगु कर्म भोग याना च्वने माल
थम्हं यानागु ज्याया लिच्वःला
थःतहे नं लाइगु खः ।
मखुगु कर्म यानाः
गुँ, पर्वः न्ह्याथाय् च्वं वंसां
कर्म फलं व बचय् जुइ फइमखु ॥
तर... कर्मयात दोष बियाः
कर्महे मयायेगु नं ला पायछि मखु
यदि बांलाःगु लिच्वःया इच्छा यानागु खःसा
बांलाःगुहे कर्म (ज्या) याये माल ॥
थःगु स्वार्थया निम्तिं मेपिन्त दुःख बियाः
मेपिनिगु पाखें सुखया आसा गुकथं यायेफइ ?
मेपिन्त अहित जुइगु ज्या मयासे
सकसियां उन्नति व सुख सीगु ज्या याःसा
थःगु मनयात स्वच्छ, यानातये फःसा
लिच्वः भीसं मेगु जन्मय् धकाः पियाच्वने म्वाः
ई लिसें कर्मया फलनं वयां च्वनी
भचा लिपा व भचा न्ह्यो जक खः
भीसं याये माःगुला बस् "कर्म" खः
वनं निष्कपट, निष्कलंक, निर्मलगु ॥

## बुद्धको मूल शिक्षा

'सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा;
सचित्त परियोदपनं एतं बुद्धान सासनं'



अर्थ- 'कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।'

**Not to do Evil, To Cultivate Merit, To Purify One's Own Mind.**

*भावार्थ- पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ । - बुद्ध*

# गुण गर्ने भन्दा गुण देख्ने व्यक्ति दुर्लभ

✍ वीर्यवती

यस संसारमा मानिसहरूमा विभिन्न स्वभावहरू पाइन्छन् । ती स्वभावहरू अध्ययन गर्दै लाने हो भने हामीले चार प्रकारका स्वभावहरू पाउन सक्छौं ।

(१) आफूलाई पनि अरुलाई पनि भलो चाहने व्यक्ति ।
(२) आफूलाई मतलब नराखी अरूको मात्र भलो चाहने व्यक्ति ।
(३) आफ्नो मात्र भलो चाहने तर अरूको मतलब नराख्ने व्यक्ति ।
(४) अरूलाई दु:ख र कष्ट दिन पाएपछि मज्जा लिने व्यक्ति ।

यी चार प्रकारका स्वभावहरू मध्ये सबभन्दा असल र गुणी व्यक्ति आफूलाई पनि अरूलाई पनि भलो चाहने व्यक्ति हो ।

यस संसारमा अरुलाई गुण गर्न सक्ने व्यक्ति दुर्लभ छन्, भने अरुले आफूलाई गरेको गुणलाई सम्झन सक्ने व्यक्ति त अझ दुर्लभ छ ।

तर जुन व्यक्ति नरपशु (मानिसको रूप लिएपनि व्यवहार पशु जस्तै) हुनेछ, त्यसले मात्र गुण बिर्सने गर्छ । यस संसारमा आफूलाई दु:ख भएपनि आफ्ना सन्तानलाई सुख र भलो चिताउन सक्ने व्यक्ति त आमा बुबा बाहेक अरू को हुन सक्ला र ?

यसको लागि हामीले एक सत्य घटना प्रस्तुत गर्न सक्छौं ।

एउटी गर्भवती महिलालाई प्रशव वेदना भएछ । तर त्यसवेला यसको लागि आवश्यक साधनको अभाव भएको हुँदा धेरै कष्ट साथ त्यस महिलाले एक पुत्र जन्माइन् । पुत्र जन्माउने बित्तिकै उनी परलोक भइन् । यस दुर्घटनाले गर्दा त्यस बालकको पितालाई ठूलो बज्रपात हुन पुग्यो ।

तर जसरी भएपनि बालकलाई हुर्काउने उसको कर्त्तव्य भयो त्यो क्षण । त्यस दूधे बालकलाई बचाउन उसले अरु प्रसुती अवस्थाका महिलाहरू खोज्दै बालकलाई स्तन पान गराउन अनुरोध गर्दै हिंड्न थाले । रात दिन बच्चा बोक्दै प्रसुती अवस्थाका महिलाहरू खोज्दै हिंड्न बाध्य पऱ्यो उसलाई । कहिले काहिं राती बालक भोकले रुन थाल्दा राती नै उठेर अरुको घरको ढोका धच्घच्याउन पुग्थ्यो उ । यसरी ढोका घच्घच्याउन जाँदा निन्द्रा बिगार्न आयो भन्दै गाली गरेर ल्याउने गर्थ्यो उसलाई । यसरी अपमान सहँदै त्यस व्यक्तिले ठूलो कष्ट सहँदै बालक छोरो हुर्काउने कार्यमा जुट्न थाल्यो ।

जब बालक हुर्कन थाल्यो, तब उसले एउटा गाई किनी त्यस गाईको दूध बालकलाई चम्चाले खुवाउँदै हुकाउँन थाल्यो । जब बालक हुर्किंदै गयो तब उसलाई पढाउन थाल्यो । पढाउनको लागि चाहिने मात्रामा खर्च पुऱ्याउन नसकेको कारणले त्यस व्यक्तिले आफूसंग भएको जग्गा एक एक रोपनी गर्दै बेच्न थाल्यो र त्यही पैसाले त्यो केटोलाई पढाउन थाल्यो । त्यस केटोले शिक्षा अध्ययन गर्दा गर्दै सफलता हासिल गर्न थाल्यो । फलस्वरूप उसले शहरमा जागिर खाने मौका प्राप्ति गऱ्यो । शहरमा बसी जागिर खाँदै एउटा ठूलो घर बनायो । बिस्तारै उसले विवाह पनि गऱ्यो ।

विवाह गरी भित्र्याइएकी केटी अलि छुच्ची स्वभावकी परेको कारणले ससुरो बनेका त्यस दु:खी व्यक्तिले बुहारीसंग बसी जीविकोपार्जन गर्न सकेन । बुहारीले अनेक निहुँ पारी ससुरो बुढोलाई घरबाट धपाउने जाल साजी रच्न थाली । विचरो ससुरो बुढोले उसको श्रीमान्लाई पढाउन र एक सक्षम व्यक्ति बनाउको लागि आफूसंग भएभरको खेत वेची उपकार गरेको कुरा बिर्सन थाली बुहारीले । ससुरो बुढोको आफ्नो गाउँमा एउटा झूत्रो सानो घर बाहेक अरू सबै जग्गा जमीन स्वाहा: भइसकेको थियो उनकै श्रीमान्लाई पढाउँदा पढाउँदै । बुढोले बुहारीबाट पाएको अपमान खप्नु भन्दा त आफ्नै गाउँको झूप्रोमा जीवन बिताउनु उत्तम थाल्यो र आफ्नो गाउँको घरमा फर्क्यो । लेख्न नजान्ने विचरो बुढोले शहरमा बसी जीवन बिताउने छोरोलाई चिठ्ठी पठाउनको लागि अरूबाट चिठ्ठी लेखाउने गर्नु पर्थ्यो ।

एकदिन बुढो विरामी परेछ । औषधी गर्नको लागि त उसंग पैसा रहेनछ । त्यसैल बाध्य भएर उसले चिठ्ठी लेख्न जान्ने एक व्यक्ति बोलाई आफूलाई परेको समस्या खुली केही पैसाको खाँचो भएको कुरा उल्लेख गरी चिठ्ठी पठाएछ । जब त्यस पत्र छोरोले पायो र पत्र पढेछ, तब छोरोले बुबालाई यसरी पत्र लेखेछ- "बुबा ! तपाईलाई पैसा चाहियो भनेर पैसा लेख्नु भएको रहेछ । तर आजकलको जमानामा भन्ने बित्तिकै र चाहिने मात्रामा पैसा जुटाउन त्यति सजिलो छैन । पैसा कमाउने काम



Downloaded from http://www.dhamma.digital

त्यति सजिलो छैन बुवा । माफ गर्नुस् ।"

छोराले लेखेको पत्र जब बुबाकहाँ पुग्यो, तब बुबा चाहिंलाई ज्यादै नमज्जा लाग्यो । चिट्ठी पढेको सुनेदेखि विचरो बुढाको चित्त निकै दुखेछ । उसले विचार गर्‍यो- यो छोरोलाई यथार्थ कुरो बताउनै परेको अवस्था आयो । यति सोच्दै उसले फेरि चिट्ठी लेख्ने मानिस बोलाई यसरी चिट्ठी लेखाउन लगायो–

"बाबु छोरा ! पैसा कमाउन कति गाह्रो छ भन्ने कुरो तिमीले मलाई भनि रहन पर्दैन । तिमीलाई भन्दा बढि मलाई थाहा छ, त्यो कुरो । तिम्री आमाले तिमीलाई जन्म दिएर परलोक भइन् । त्यस अवस्थामा आमा नभएको टुहुरा बालक तिमीलाई मैले जसरी भएपनि बढाउन पर्‍यो र हुर्काउन परेको कारणले तिमीलाई जुन जुन घरमा प्रसुती अवस्थाका महिला छ, त्यस घर खोज्दै दूध पिलाउन लाने गर्थें । भोकाएर चिच्याउँदै रुने गर्थ्यौ तिमी । तिमी रुँदा मेरो मनमा भक्कानो फुट्ने गर्थ्यो । छट्पटिने गर्थ्यो मेरो मन के गर्नु । अनि तिमीलाई बोक्दै जहाँ बच्चा पाएका महिलाहरू हुन्थ्यो, ती महिलाहरूको घर चहार्न पुग्थें म । कहिले काहिं राती तिमी रोईदिंदा त्यही समयमा पनि उनीहरूको ढोका घचघच्याउन पुग्थें । त्यसबेला मलाई हप्काएर पठाउने गर्थ्यो बेला न कुबेला बच्चा बोक्दै हाम्रो निन्द्रा बिगार्न आउँछौ भन्दै । यसरी तिम्रो भोक भेटाउनको लागि मैले लाज पचाएर अर्काको दैलो दैलो चहार्ने गरेको कुरा आज तिम्रो चिट्ठी पढि सकेपछि फेरि सम्झन पुगेको छु । निको भइसकेको घाऊको पाप्रा फेरि उप्काएर आलो बनाइदिएको छ तिम्रो चिट्ठीले ।

जब तिमी अलि ठूलो भयौ, एउटा गाई किनी त्यस गाईको दूध पिलाउँदै तिमीलाई हुर्काएं । त्यसैले महिलाहरूको घर चहार्नु पर्ने झन्झट हटियो । म अनपढ भई एउटा चिट्ठी सम्म पनि लेख्ने क्षमता थिएन ममा । त्यसैले तिमीले पनि मैले जस्तै यस्तो दुःख भोग्न नपरोस् भनी मसंग पैसा नभएपनि आफूसंग भएको खेत बारी बेच्दै तिमीलाई पढाउन थालें । यही कारणले आज तिमी लेखपढ गर्न जान्ने भई कमाउन सक्षम भइसक्यौ । गर्व लाग्छ मलाई यो देखेर । तर जब तिम्रो विवाह भयो, त्यसपछि म तिमीसंग बस्न सकिन । तिम्री श्रीमतीको लागि म बाधा बन्न पुगें । तैपनि बुझ पचाउँदै सहेरै भए पनि तिमीहरूसंग बस्ने कोशिस नगरेको होइन मैले । तर मेरो कारणले तिमीहरूको दाम्पत्य जीवनमा कलह र अशान्ति हुने आशंका देखेपछि म त्यस घरबाट निक्ली गाउँमा नै आई मेरो छाप्रोमा जीवन बिताउन थालें । तर के गर्नु बाबु यो शरीर सधैं त्यतिकै तन्दुरुस्त नहुने रहेछ चाहेर पनि । बैंश ढल्किंदै गयो मेरो । त्यसैले होला म कमजोड हुँदै गएँ । शरीर शिथिल बन्दै गयो मेरो । बिरामी भएँ म । तर औषधी गर्न मसंग पैसा थिएन । कोसंग मागुँ मैले पैसा ? मेरो नाता भन्नु नै तिमी एउटा छ । त्यसैले बाध्य भई मैले तिमीसंग चिट्ठी मार्फत सहयोग मागेर पठाएको थिएँ केही रकम पाउँछु कि भनेर...।

चिट्ठी लेख्न सिद्धिएपछि चिट्ठी लेख्ने व्यक्तिले चिट्ठी पढेर बुढोलाई सुनाउँदै थियो । बुढाको आँखाबाट बर बर आँसु झर्न थाल्यो । आवेशमा आई चिट्ठी त लेखायो । तर चिट्ठी पढ्दा आफ्नै मन थाम्न सकेन उसले । त्यसैले उसले भन्न थाल्यो– "भयो भयो, यो पत्र मेरो छोरोकहाँ पठाउँदिन मैले । यस पत्रले मेरो मनमा घाउ बनायो । जब मेरो छोरोले यो पत्र पढ्नेछ, तब उसको मन पनि पोल्नेछ । चित्त दुख्ने छ उसको पनि । आनन्द पूर्वक जीवन बिताइरहेको मेरो छोरोलाई बेकारमा किन दुःख दिने मैले ?" यति भन्दै बुढोले पत्र लिएर च्यातचुत पार्दै च्यातिदियो ।

तर संयोगवश बुढाको छोरो पनि गाउँको घरको दैलोमा आइपुगेको रहेछ । उसले घर बाहिर बसी चिट्ठी पढेको सबै सुनिरहेको रहेछ । आफ्नो बुबाले पैसा मागेर पठाएको चिट्ठीलाई आफुले जवाफ पठाईसकेपछि उसको मनमा एक प्रकारको असन्तुष्ट भावना जागेको थियो । मन खिन्न भइरहेको थियो उसको । उसले सोच्न थाल्यो- बुबाले बिना कारण त पैसा माग्दैनथ्यो । के पर्‍यो होला उसलाई ? बिरामी परेर पैसा मागेको हो कि भन्ने शंका, उपशंका जागी एकपटक बुझ्न नै पर्‍यो भन्ने मनमा लागी गाउँमा पुगेको थियो उ वास्तवमा ।

तर संयोगले बुढोबाको दुःखले भरेको पत्र सुन्ने मौका पायो उसले । यति कुरा सुनिसकेपछि उसले आफ्नो बुबाको सक्कलि मायालाई बुझ्न सक्यो । आफू जस्तो सुकै दुःख भोग्न पनि तयार हुँदै आफ्नो छोरोलाई दुःख होला भन्दै चिन्ता लिने बुबाले छोरालाई लेखिसकेको चिट्ठी पनि च्यातेर फालेको देखी बुबा प्रति उसको मनमा करूणा र श्रद्धा जाग्यो । अनायाश उसले आफ्नो बुबाको पाउ समाती आफ्नो गलती प्रति क्षमा याचना गर्न थाल्यो । आफू पढेलेखेको मूर्ख व्यक्ति बन्न पुगेकोले आफ्नो मूर्ख्याईं र गलतीलाई स्वीकार्‍यो उसले । यति मात्र होइन उसले आफ्नो प्यारो बुबालाई गाउँको थोत्रो घरमा होइन शहरको आफ्नै घरमा लगी हेरबिचार

गरी श्रद्धापूर्वक राख्न थाल्यो । उसले महशूस गऱ्यो - "मैले जागिर खाने मौका पाएको त मेरै बुबाको रगत र पसीनाको फल हो । मैले आफ्नो खुट्टाले टेक्न सकेको कारण त मेरै बुबाको मेहनतको फल हो नि । मेरी श्रीमतीको कारणले त अवश्य पनि होइन । मेरी श्रीमती त मैले कमाउन सक्ने भइसकेपछि मेरो कमाई खानको लागि मात्र भित्रिएकी हो नि वास्तवमा । मेरो कमाईको वास्तविक भागिदार त मेरो बुबा हो । मेरो बुबाको गुणको अगाडि त मेरी श्रीमतीको गुण ज्यादै न्यून छ । मैले यस वास्तविकतालाई बुझ्न नसकेको कारणले श्रीमतीको मोहमा परी ठीक बेठीक छुट्ट्याउन सकिन । बुबाको गुणलाई तुच्छ ठानें मैले । नरपशु बन्न पुगेछु म त । झन्दै नरकगामी बन्न पुगेछु म मेरी श्रीमतीको कारणले ।

यति सोच्दै पछुटाउन पुग्यो उ । फलस्वरूप उसले आफूलाई वास्तविक र सत्य बाटोमा मोडी राम्रो र सुगतिमा जाने बाटो अपनाउन पुग्यो उसले । श्रीमतीलाई श्रीमतीकै स्तरमा राखी बुबालाई बुबाकै स्तरमा राखी धार्मिक जीवन अपनाउँदै सुखी र सफल बन्यो त्यस व्यक्ति ।

यसरी गुण देख्ने कृतज्ञ व्यक्तिले मात्र आफूलाई ठीक बाटोमा लान सक्ने रहेछ । ■

## सन्तोष

*- सुमेधावती गुरुमाँ*

जबसम्म सन्तोष हुँदैन शान्ति पाउन सकिँदैन ।
सन्तोषले चित्तलाई आधार दिन्छ र सुख प्राप्त हुन्छ ।
हरेक क्षण आइरहने म, मेरो र मैले भन्ने भावना ।
कहिलेसम्म यसरी आफूलाई मात्र देख्छ हुँदैन भरोसा केही ।
हिंसा र दमन गर्ने भावना जब सम्म रहने गर्छ ।
बुद्ध शिक्षाले ठाउँ ओगट्न सक्दैन तबसम्म ।
तर एकदिन सत्य आउँछ यहाँ अवश्य जब ।
तब ओगोले पोले झैं ताप हुन्छ त्यसलाई ।
स्वर्ग र नर्क खोज्न पर्दैन कहिंपनि ।
यहीं अनुभव गर्न सकिनेछ कर्मफल भोगेपछि ।

## बुद्धया ज्ञान हे विज्ञान खः

*- अमृतमान शाक्य इतुम्बाहाः यें*

ई:यात लोय्क जि न्ह्याय् मफु
थ:गु थहे पहलं जि लिउने
थौंया ई २१ सौं शताब्दी खया नं
पुलांगु रुढी वादी तक्यना
विज्ञानं विश्वास मयागु इले
त:त: मत क्यंका च्वना
बुद्धया ज्ञान थहे विज्ञान खयानं
थुइके मफु थुगुइले तक्क नं
गवले न्ह्यलं चाई
अबले धिकार या स: पिज्वई
विज्ञान न्ह्यो न्ह्यो थ: लिज्यां लिज्यां वंगु याई
न्ह्योलं चायेके मफु जि नं
बुद्धया वचन ध्वया च्वं सां ।

## बुद्ध र शान्ति

*- गंगा शाक्य*

मिर्मिरेको उज्यालीमा झुल्किएको घाम
एशियाको ज्योति तिमी बुद्ध तिम्रो नाम

लुम्बिनीको जंगलमा जन्मिएथ्यौ तिमी
माता थिइन मायादेवी गुणैगुणका खानी
हुनुहुन्थ्यो बुबा राजा सुद्धोधन दानी
जन्मिनु भो सिद्धार्थ भै बुद्ध बन्न ज्ञानी
मिर्मिरेको उज्याली ... ...
एशियाको ज्योति ... ...
दरवारमा हुर्के बढे थिएन कमि केहि
जरा व्याधि मरणको निर्मूलको लागि
त्याग्यौ घर यशोधरा छोरा राहुल छाडि
राजकुमार भईकन भयौं ठूलो त्यागि
मिर्मिरेको उज्याली ... ...
एशियाको ज्योति ... ...
पिपलको बोट मनि ध्यान गर्न लाग्यौ
लोभ मोह रागद्वेश सबै कुरा त्याग्यौ
अमृत समान सुजाताले खिरदान गरिन्
अकस्मात ज्ञानको ज्योती प्रज्वलित भईन्
मिर्मिरेको उज्याली ... ...
एशियाको ज्योति ... ...
शान्तिकामी बुद्ध तिम्रो, तिम्रो शिक्षा महान
विश्व शान्ति राख्दै हामी गाउँछौ तिम्रो गुनगान
गोला बारुद बन्दूकको चर्को विध्वंशमा
फेरि पनि बुद्ध आउ यो भव संसारमा
मिर्मिरेको उज्याली ... ...
एशियाको ज्योति ... ...



Downloaded from http://www.dhamma.digital

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको प्रतिवेदन**

२०६० ज्येष्ठ २४ गते

स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघल ।

विषय : परियत्ति शिक्षाको महत्त्व

यसदिन श्रद्धेय इन्दावती गुरुमाँले परियत्ति शिक्षाको महत्त्व विषयमा बताउनु हुँदै भन्नुभयो– बुद्धले ४५ वर्षसम्म बताएर जानुभएको ८४ हजार धर्मस्खन्धलाई त्रिपिटकमा सँगालेर राखिएका छन् । दुःखबाट मुक्त हुने मार्ग बताउने यस ज्ञानलाई हामीले पहिला अध्ययन गरी परियत्ति तहमा टेक्नु छ । अध्ययन गरेको शिक्षालाई अध्ययनमा मात्र सीमित नराखी यसलाई दैनिक व्यवहारमा पनि उतार्दै लान आवश्यक भएकोले हामीले यस शिक्षाको प्रतिपत्ति तहमा पनि टेक्न आवश्यक छ । जब शिक्षालाई व्यवहारमा उतार्दै लान सकिने छ, तब मात्र हामीले आफूलाई दुःखबाट मुक्त स्थान पतिवेध अवस्थामा पुऱ्याउन सक्नेछौं ।

**२०६० ज्येष्ठ २४ गते**

स्थान- धर्मकीर्ति विहार, श्रीघः नघःल ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा २०६० ज्येष्ठ १६–१८ सम्म Presentation Skill Training सञ्चालन गरिएको थियो । जम्मा ९ जना प्रशिक्षार्थीहरूले भाग लिएको उक्त तालिममा कीर्ति तुलाधर प्रमुख अन्य प्रशिक्षकहरू श्री नारायण प्रधान र सुश्री कृष्णेश्वरी हाडा ले पनि प्रशिक्षण दिनु भएको थियो। सो तालिममा भाग लिनुहुने प्रशिक्षार्थीहरूलाई ज्येष्ठ २४ गतेका दिन गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीको अध्यक्षतामा प्रमाण-पत्र वितरण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रशिक्षार्थी अमीर कुमारी शाक्यले तालिमको प्रतिवेदन पेश गर्नुभएको थियो भने अर्का प्रशिक्षार्थी सुवर्ण शाक्यले तालिमबारे आफ्नो अनुभव व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले प्रमुख प्रशिक्षक कीर्ति तुलाधरलाई धर्मकीर्ति लोगो अङ्कित Token of Love प्रदान गर्नुभएको थियो भने प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र प्रदान गर्नुभएको थियो ।

गोष्ठीका सचिव रमा कंसाकारले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा तालिम संयोजिका प्रफुल्ल कमल ताम्राकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने मीना तुलाधरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

**अल्पकालिन प्रव्रज्या शिविर**

२०६० आषाढ १-७ सम्म ।

स्थान- धर्मकीर्ति बसुन्धरा विहार, वसुन्धरा डोल ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहारको आयोजनामा एकहप्ते अल्पकालिन श्रामणेर तथा ऋषिणी प्रव्रज्या कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरको उपाध्यायत्वमा र धम्मवती गुरुआमाको आचार्यत्वमा १५ जना व्यक्तिहरूलाई ऋषिणी प्रव्रज्या सम्पन्न गरिएको थियो ।

आषाढ १ गते आइतवार भिक्षु अश्वघोष महास्थविर को अध्यक्षतामा एक समारोह बिच शुभारम्भ गरिएको उक्त कार्यक्रममा ध.की.बौ.अ. गोष्ठीका सचिव रमा कंसाकारले स्वागत भाषण गर्नुभएको थियो । उक्त अवसरमा भिक्षु अश्वघोष महास्थविर र भिक्षुणी धम्मवतीले प्रव्रज्याको महत्त्व र प्रव्रज्या हुनु अति दुर्लभ भएको विषयमा प्रकाश पार्नु भएको थियो । कार्यक्रमको अन्त्यमा अल्पकालिन प्रव्रज्या शिवरमा संयोजिका मीना तुलाधरले यस प्रव्रज्या कार्यक्रमको उद्देश्य प्रस्तुत गर्नुका साथै कार्यक्रममा सहयोगी सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

डा. सुमन कमल तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा प्रव्रजित भएका श्रामणेर र ऋषिणीहरूलाई स्वास्थ्य परिक्षण पनि गरिएको थियो ।

एक हप्ते प्रव्रज्या कार्यक्रम अवधिभर संचालन गरिएको प्रवचन र बौद्ध धर्म सम्बन्धि अध्ययन कक्षामा प्रवचन दिनुहुने र प्रशिक्षण दिनुहुने प्रशिक्षकहरू यसरी रहनु भएको थियो–

भिक्षु अश्वघोष महास्थविर, सयादो उ सुजनपिय, सयादो उ वण्णधज, भिक्षु बोधिज्ञान, भिक्षुणी धम्मवती, भिक्षुणी कुशुम, भिक्षुणी वीर्यवती र मदनरत्न मानन्धर आदि । यसरी नै डा. योगेन्द्र शाक्यले स्वास्थ्य सम्बन्धी कक्षा लिनुभएको थियो ।

उक्त प्रव्रज्या शिविरमा अल्पकालिन प्रव्रज्यात्त्व ग्रहण गर्नुहुने व्यक्तिहरू यसरी हुनुहुन्थ्यो ।

*श्रामणेर हुने व्यक्तिहरू–*

१) अमीरमान रञ्जित २) इन्द्रमान महर्जन

३) नरेन्द्र बहादुर सिंह

*ऋषिणी हुनेहरू–*

| | |
|---|---|
| १) चनका बज्राचार्य | ९) अमीर कुमारी शाक्य |
| २) आशामाया डंगोल | १०) राममाया मुनीकार |
| ३) दानमाया राजवाह | ११) सेतीमाया श्रेष्ठ |
| ४) हेरामाया महर्जन | १२) नीलतारा कंसाकार |
| ५) दिल कमल तुलाधर | १३) रत्न पूर्ण तुलाधर |
| ६) अम्बिका मानन्धर | १४) स्मृती तुलाधर |
| ७) चन्द्रावती तुलाधर | १५) स्वस्तिना तुलाधर |
| ८) देव कुमारी साही | |

उक्त प्रव्रज्या कार्यक्रम अवधिभर भोजन, जलपान र सरवत दान दिनुहुने दाताहरूको नामावली यसरी रहेको थियो ।

*भोजन दान दिनुहुने दाताहरू–*

रत्नपूर्ण तुलाधर, स्व. भीम बहादुर र स्व. दिलमायाको पुण्य स्मृतिमा पुष्प रत्न महर्जन, मीना तुलाधर, जुजुभाई शाक्य, बेखाराज शाक्य र गौरी बज्राचार्य आदि ।

*जलपान दान दिनुहुने दाताहरू-*

भिक्षुणी कुशुम, पुष्परत्न महर्जन, चैतन्य देवी, आशा नारायण, भिक्षुणी वीर्यवती, चिनी शोभा ताम्राकार आदि ।

*सरबत दान दिनुहुने दाताहरू-*

भिक्षुणी इन्दावती, दीपक रत्न शाक्य, राम माया, पूर्ण, तेजमाया, हेरा देवी महर्जन, तीर्थ माया, रत्न पूर्ण तुलाधर आदि ।

यसरी नै पुर्ण देवी बनियाले पाचक र रमा कंसाकारले झोल सावुन दान दिनुभएको थियो भने उक्त प्रव्रज्या कार्यक्रमको लागि नगद चन्दा दिई सहयोग दिनुहुने दाताहरूको नामावली यससरी रहेको थियो । रु. १०० र सो भन्दा बढि दान दिनुहुने महानुभावहरू - देवरत्न कंसाकार, अमिन कंसाकार, अम्बिका बज्राचार्य, आशामाया डंगोल, वीना कंसाकार, र पद्म तारा स्थापित, रु. २२००।- दिई सहयोग गर्नुहुने दाता प्रविन ज्योति कंसाकार ।

★

## गुरुमाँ

✍ एस के श्रेष्ठ

ध्याचःले च्वनाँ नं पलेस्वाँ थें ह्वया बिज्याम्ह ।
जिपीं मचातयेत समानं स्वया बिज्याम्ह ॥
सर्गतय् च्वंम्हं नौ थें रश्मी खनेदु ।
वसपोल गुरुमाँया तःधंगु नुगः दु ॥
शासनधज धम्माचरिय धाय्काः बिज्याम्ह ।
नारी उत्थानया निंतिं चा न्हीं दनाः बिज्याम्ह ॥
करुणाया प्रतिमूर्ति धर्मया खानी दु ।
वसपोलया कण्ठय् सरस्वती बास दु ॥
बुद्ध शासनया थां जुया बिज्याम्ह ।
धर्मया प्रतिमूर्ति जुया बिज्याम्ह ॥
शितल वाणी वाणी खे शक्ति दु ।
वसपोलया किचःले मुक्ति दु ॥

## थःभिंसा सकल भिनीगु

✍ राम भक्त प्रधान, बनेपा

जिगु बानी मभिंगु कारणं जितः दुःख जूगु ।
जि भिंसा सकलें भिनीगु धकाः आः चाल ।
थम्हं छुंहे ज्या मयासे अयूलाः ध्वँ त्वना जुया
अले दक्कोस्यां जितः हेपे याय्गु यात
मने तसकं दुःख ताल दक्कोखनाः तँ पिकयाजुया
मने शान्ति मदु गुबले तक तँ पिहाँवयाच्वन
जब कारण सिल जिगु बानी मभिंगुलिं ध्व जुल
अले थःगु मभिंगु बानी बांछ्वयगु कुतः याना
आः जि भिं मनू ज्वी सल सुनानं हेपे याय मफुत
उकें जिं धयाच्वना थः भिंसा सकल भिनिगुखनी



Downloaded from http://www.dhamma.digital

**चौथौं बौद्ध जागरण प्रशिक्षण शिविर**

२०६० जेठ २४ देखि २६ सम्म ।
स्थान- बौद्ध समकृत विहार, भक्तपुर ।

मनुष्य जीवन सार्थक बनाउनका लागि धर्मको भूमिका विषयका चौथौं बौद्ध जागरण प्रशिक्षण शिविर युवा बौद्ध पुच: भक्तपुरले आयोजना गरेको समाचार प्राप्त भएको छ ।

तीनदिने सो शिविरमा बुद्ध शिक्षा सम्बन्धी विभिन्न विषयमा प्रशिक्षण दिनुहुने प्रशिक्षकहरू र प्रशिक्षण विषय क्रमश: यसरी रहेको थियो–

धर्ममुनि शाक्य: उपत्यकाभित्र बुद्ध धर्म ।
भिक्षु धम्मशोभन: बुद्धजीवनी ।
मिन बहादुर शाक्य: कर्म ।
ज्ञाणवती गुरुमां: गृही विनय ।
भिक्षु आनन्द: आधुनिक युगमा बुद्ध धर्म ।
सुश्री अमिता धाख्वा: चतु आर्यसत्य ।
डा. लक्ष्मण शाक्य: अन्तर्राष्ट्रिय क्षेत्रमा बुद्धधर्म ।
डा. अनोजा गुरुमाँ: नारीप्रति बुद्धको देन ।
रत्न सुन्दर शाक्य: बौद्ध झण्डा र हेनरी एरीक अल्कोट
भिक्षु अश्वघोष: बुद्ध धर्मको व्यवहारिक शिक्षा
सुरेन्द्रमान शाक्य: बुद्ध धर्म व विकास
धम्मवती गुरुमाँ: सप्त सत्पुरुष धन

उक्त बौद्ध जागरण शिविरको प्रायोजक भक्तपुर रत्नायण परिवार भएको समाचार छ ।

**अभिनन्दन कार्यक्रम**

२०६० जेठ ३१ गते, शनीवार । भक्तपुर ।

स्थानिय युवावर्गलाई सम्यक धर्ममार्गमा लगी यस मार्गमा आफ्नो जीवन अर्पण गर्नुहुने भिक्षु सम्यक ज्योति महास्थविरलाई बौद्ध संघ भक्तपुरको आयोजनामा अभिनन्दन गरिएको समाचार छ ।

शील प्रार्थना पश्चात् संघका संयोजक त्रिरत्न शाक्यको स्वागत भाषण पश्चात् शुरु गरिएको उक्त कार्यक्रममा पुष्प रत्न शाक्यले अभिनन्दन पढी सुनाउनु भएको थियो भने संघका अन्य सदस्यहरू र विभिन्न बौद्ध संस्थाका प्रतिनिधीहरूको तर्फबाट खाता ओढाई सम्मान गरिएको थियो । यही सभामा रत्नसुन्दर शाक्यले लेख्नु भएको "भिक्षु सम्यक ज्योती महास्थविरको जीवनी" पुस्तक पुज्य भिक्षु बुद्धघोष महास्थविरले बिमोचन गर्नु भएको थियो । रत्नलक्ष्मी कर्माचार्यले ब्याच वितरण गरी लक्ष्मी चन्द्र बज्राचार्यले अर्थदान गर्नु भएको उक्त कार्यक्रममा शान्तरत्न शाक्य, सुवर्ण शाक्य, फणिन्द्र रत्न बज्राचार्य, र रामकृष्ण बैद्य आदिले शुभकामना मन्तव्य व्यक्त गर्नु भएका थिए ।

भिक्षु धम्मशोभन महास्थविरको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा संघरत्न शाक्यले कार्यक्रममा उपस्थित हुनुभएका महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो भने सिद्धिरत्न शाक्यले कार्यक्रम संचालन गर्नु भएको थियो ।

**गौतम बुद्धको मावली गाउँ प्राप्त**

नवलपरासी, जेठ ६ गते । *(साभार: गोरखापत्र)*

जिल्ला विकास समिति नवलपरासीको सहयोगमा पुरातत्त्व विभागवाट बन्फरिया गाउँ विकास समितिको वडा नं.७ मा उत्खनन् कार्य गर्दा २६ सय वर्ष पुरानो कोलीय गण राज्यको राजधानी देवदह फेला परेको छ ।

उत्खनन् र जि.वि.स. नवलपरासीद्वारा पाँच वर्ष पहिले देखि त्यहाँ जीर्णोद्वार हुँदै आएको छ । कठिन परिश्रमका साथ उत्खनन् गर्दै जाँदा भगवान बुद्धको जन्म हुनुभन्दा करिब एकसय वर्ष पुरानो बुद्धको मावली गाउँ फेला परेको उत्खनन् विभागका प्रमुख शुक्र सागर श्रेष्ठले बताउनु भयो । उत्खनन् गर्दा प्राप्त भएका माटोका मूर्ति, माटोकै भाँडा, थाल, कचौरा, गिलास, गाग्री, माटोकै चुरा, माला, पैसाको अध्ययनवाट उक्त सामग्री क्राइष्टको जन्म हुनुभन्दा पहिले नेपालको हिमालयको फेदमा रोहिणी नदीको किनारामा मौर्यकाल गुप्तकाल र कुषाणकालीन राजाहरूले राज्य गरेको तथ्य फेला परेको र त्यहाँ रहेको सातसय मिटर परिमितिको पर्खाल र ईंटा भन्दा निकै पुराना ईंटाबाट निर्माण भएको पाइएकोले सो स्थान कोलीय गणराज्यको ऐतिहासिक राजधानी भएको श्रेष्ठले बताउनुभयो ।

उहाँका अनुसार, चिनियाँ यात्री हुयनसाङ्ले बौद्ध ग्रन्थको आफ्नो यात्रा वर्णनमा उल्लेख गरे अनुसार गौतम बुद्धको मावली गाउँ देवदह अहिलेको पण्डितपुर भएको र सो स्थानमा रोहिणी नदीको पानीको कुलोमा बुद्धका मामाहरूको भएको पानीको झगडा बुद्धले मिलाइदिएको र त्यो पानीको कुलो पनि प्राप्त भएको छ ।

उहाँले बुद्धको अस्तिधातु रहेको स्थल रामग्राम स्तुपमा पाएको चारवटा टुक्रा वस्तु आफूले सुन जस्तै वहुमूल्य मानेर राखेका तर पण्डितपुरमा उत्खनन् गर्दा

चार डोका सामान पाएकोमा हर्षित हुँदै रूपन्देहीको महेन्द्र राजमार्गमा भनिएको देवदह वास्तविक देवदह नभएको र पुरातत्त्व विभागले अहिले सम्म पनि मान्यता नदिएको स्पष्ट पार्नुभयो । *(साभार: गोरखापत्र)*

## श्राद्धको सट्टा पुरस्कार कोष

विर्तामोड । *(साभार: समाचार पत्र, २०६० जेठ ९ शुक्रवार)*

पत्रकार कमल मिश्रले आफ्ना स्व. पिताको स्मृतिमा पुरस्कारको स्थापना गरी श्राद्धलाई श्रद्धामा परिणत गरिदिएका छन् ।

स्व. सोमनाथ मिश्रका नाममा स्थापित पुरस्कार लाई नै पितृलाई सम्झेको ठानी मिश्रले श्राद्ध नगर्ने घोषणा गरेका छन् । "अब हामीले परम्पराबाट हटेर केही गर्नु जरुरी छ, त्यसैले मैले मेरो स्वर्गीय पिताको नाममा पुरस्कार प्रदान गरेर श्राद्धको सट्टा श्रद्धा गर्ने कार्यको थालनी गरेको छु"- पत्रकार मिश्रले भने ।

जिल्लामा कार्यशील साहित्यकार एवम् पत्रकार लाई बर्सेनि प्रदान गर्ने "सोमनाथ मिश्र वर्ष लेखक पुरस्कार" को नामबाट स्थापना गरेको सो पुरस्कार २०५९ र २०६० को लागि पत्रकार गोपी कृष्ण खनाल र इन्द्रसिंह राजवंशीलाई प्रदान गरिएको छ । पुरस्कारको राशि १० हजार रहेको छ ।

## धर्मपत्नीको स्मृतिमा विद्यालय भवन निर्माण

स्थान- जिरी, दोलखा । *(साभार: गोरखापत्र)*

जिरी उच्च माविका पूर्वप्रधानाध्यापक बलराम कृष्ण मानन्धरले आफ्नी धर्मपत्नी स्व. गंगा मानन्धरको स्मरणमा विद्यालय हाताभित्र "गंगा स्मृति भवन" को नामबाट एक विद्यालय भवन निर्माण गरिदिने भएका छन् । उक्त "गंगा स्मृति भवन"को शिलान्यास स्थानीय वयोबृद्ध ललीमाया जिरेलले गर्नुभएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

विक्रम सम्वत् २०१८ सालदेखि करिब ४ वर्ष जिरी उच्च माध्यमिक विद्यालयमा बलराम कृष्ण मानन्धर प्रधानाध्यापकको रूपमा कार्यरत रहनुभएको थियो ।

उक्त विद्यालय भवन निर्माणको लागि पहिलो किस्ता स्वरूप रु. ५० हजारको चेक पूर्व प्रधानाध्यापक मानन्धरले विद्यालयका प्रधानाध्यापक टेकबहादुर जिरेललाई हस्तान्तरण गर्नुभएको कुरा थाहा हुन आएको छ ।

## रिक्सा किन्नका लागि चार बच्चाको बिक्री

जकार्ता, इन्डोनेसिया, (एएफपी) ।

तपाईंले कहिल्यै आफ्नो जीवन यापनका लागि आफ्नै बालबच्चा बेच्ने साहस गर्नुभएको छ ? परिवार पाल्नका लागि रिक्सा किन्न आफ्ना चारवटा बच्चा बेचिसकेको एकजना मानिसलाई पाँचौं बच्चा बेच्न लाग्दा इन्डोनेसियाली प्रहरीले शनिवार पक्राउ गरेको छ ।

सिरेबनका बासिन्दा २९ बर्षीय अमिरले आफ्नो भर्खरै जन्मिएको बच्चा बेच्नका लागि मोलतोल गरिरहेको अवस्थामा पश्चिमी जाभा क्षेत्रमा पक्राउ परेको कुरा कोम्पास दैनिकले जनाएको छ । आफ्ना श्रीमान्ले सबै बच्चा लगातार बेच्दै गएपछि उनको व्यवहार सहन नसकी उनकी श्रीमतीले प्रहरीमा खबर गरेको कुरा सिरबनका प्रहरी अधिकृत सिसबन्दीले एएफपीलाई बताए ।

उक्त समाचारपत्रका अनुसार अमिरले तेस्रो बच्चाका रूपमा रहेका रेस्तुलाई २९ अमेरिकी डलरमा एक स्थानीय व्यक्तिलाई बिक्री गरेका थिए । त्यसपछि चौथो, पाँचौं र छैठौं बच्चाहरू प्रत्येकलाई ६० डलरमा बिक्री गरेका थिए । गरिबीले अत्यन्त ग्रसित भएपछि जीवन गुजारा गर्नका लागि रिक्सा किन्ने पैसा जुटाउन आफूले उक्त अपराध गरेको कुरा उनले प्रहरी समक्ष स्वीकारेका छन् ।

## तेस्रो साधारण सभा सम्पन्न

२०६० जेठ १९ गते । स्थान- नगदेश बुद्ध विहार ।

नगदेश बुद्ध विहारमा बुद्ध मूर्ति स्थापना गरेको १२ वर्ष पूरा भएको, नगदेश बौद्ध समूहको तेस्रो साधारण सभा र श्रीलंकामा अध्ययनरत क्षान्तिवती गुरुमांको जन्मदिनको उपलक्षमा बुद्ध पूजा, शील प्रार्थना र भिक्षु कोलितबाट धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

दिउँसो भिक्षु कुमार काश्यप महास्थविरले तेस्रो साधारण सभाको समुद्घाटन गरिएको उक्त सभामा उहाँले नगदेश बौद्ध समूहका नयाँ सदस्यहरूलाई प्रमाणपत्र, प्रदान गर्नुभएको थियो । राम भक्त हार्यंजुको अध्यक्षतामा सम्पन्न उक्त सभामा दीपक राज साँपालले स्वागत भाषण गर्नुभएको थियो । यसरी नै कृष्ण कुमार प्रजापतीले नगदेश बौद्ध समूहको प्रगति प्रतिवेदन पेश गर्नुभएको उक्त समारोहमा भिक्षु कोलित र भिक्षु सद्धातिस्स, बखत बहादुर चित्रकार, र लोकबहादुर शाक्य र डा. सानुभाई डंगालले शुभकामना मन्तव्य व्यक्त गर्नुभएका थिए ।

कृष्ण चरण श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त सभामा न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा १५ सदस्यिय नयाँ कार्य समिति सर्वसम्मतिबाट चयन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## २५४७ औं बुद्ध पूर्णिमा महोत्सव

स्थान- बिराटनगर । २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा युवा बौद्ध संघ बिराटनगरद्वारा स्थानिय पिछरास्थित बुद्ध बिहारमा विभिन्न कार्यक्रम आयोजना गरी बुद्ध पूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार छ । यस उपलक्षमा अन्तर मा.वि. नगर स्तरिय बौद्ध हाजिरी जवाफ प्रतियोगिता र "बुद्ध शिक्षा तथा आजको युगमा यसको महत्त्व" विषयमा वक्तृत्वकला प्रतियोगिताको आयोजना गरिएको थियो । हाजिरी जवाफ प्रतियोगिता र वक्तृत्वकला प्रतियोगितामा विजयी विद्यालय तथा विद्यार्थीहरूलाई मोरङ्गका प्रमुख जिल्ला अधिकारी श्री दोलख बहादुर गुरूङ्गले शील्ड तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

यसरी नै बुद्ध जयन्ती समारोह समिति विराटनगरको आयोजनामा विराट बौद्ध संघ, धर्मोदय सभा, युवा बौद्ध संघ, उपासिका संघ, र सिन्योईन धार्मिक संस्था आदिको संलग्नतामा २०६० बैशाख २६ देखि जेठ १ गते सम्म बुद्धपूजा, धर्मदेशना, प्रवचन, गोष्ठी र एक दिवसीय विपश्यना शिवर, हाजिर जवाफ प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता संचालन गरिएको थियो ।

नगर परिक्रमा पश्चात् धर्म सभामा परिणत भएको उक्त सभा सत्यनारायण ताम्राकारले संचालन गर्नुभएको थियो । मोहन प्रसाद शाक्यको सभापतित्वमा संचालन भएको उक्त सभामा श्रमिती लक्ष्मी प्रधानले स्वागत मन्तव्य दिनुभएको थियो भने भिक्षु शोभनले धर्मदेशना गर्नुभएको थियो ।

उक्त सभाका प्रमुख अतिथी दोलख बहादुर गुरूङ्ग, छोक्पा शेर्पा, श्रीमती शिवा पोखरेल, धर्मकुमार हलुवाई, मोहन प्रसाद शाक्य, आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । प्रकाशमान शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको उक्त सभामा बुद्ध विहारको लागि रु. ५० हजारएक रकम चन्दा दिनु हुने दाता नरेश शाक्य र रु. १ लाख भन्दा बढि खर्च गरी चैत्य बनाउनु हुने ललित बहादुर हलुवाई, श्रीमती गुलवदन र वृद्ध महिला श्रीमती दीलकुमारी शाक्य आदिलाई दोसल्ला ओढाई सम्मान गरिएको समाचार छ ।

## २५४७ औं बुद्ध पूर्णिमा महोत्सव

२०६० जेठ २ गते । अशोक चारुमती स्तुप विहार ।

अशोक चारुमती स्तुप विहारको आयोजनामा २५४७ औं बुद्ध पूर्णिमा महोत्सव भव्यताका साथ मनाइएको समाचार छ । प्राप्त समाचार अनुसार बिहान ७ बजे बुद्ध पूजा र धर्मदेशना सम्पन्न गरी दिउँसो बुद्ध मूर्ति रथमा सजाई नगर परिक्रमा गरिएको उक्त कार्यक्रममा श्रद्धालु उपासक उपासिकाहरूले विश्व शान्ति कामना गरेका थिए ।

*पुनश्च: प्राप्त समाचारमा जनाइए अनुसार हाल उक्त विहारको नाम श्री अशोक चारुमती स्तुप विहार रहन गएको छ ।*

## श्रामणेर प्रव्रज्या शिविर

२०६० बैशाख २७ देखि जेठ ७ सम्म । अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, बुद्धनगर । २५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा यस भावना केन्द्रमा १२ दिने श्रामणेर प्रव्रज्या शिविर कार्यक्रमको आयोजना गरिएको थियो । अ. बौं. मा केन्द्र र ह:खा ल.पु.को संयुक्त ओयोजनामा संचालित उक्त कार्यक्रममा जम्मा ३९ जना अस्थायी श्रामणेरहरू प्रव्रजित भएका थिए ।

यस कार्यक्रमको समापन समारोहमा भावना केन्द्रका अध्यक्ष श्री रत्नमान शाक्य, बु.ज.स.स. को अध्यक्ष श्री तीर्थमान शाक्य र केन्द्रका सल्लाहकार श्री धर्मरत्न शाक्यले स्वागत मन्तव्य व्यक्त गर्नुभएका थिए भने श्री हेमबहादुर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

पूज्यवर भिक्षु बुद्धघोष महास्थविर समक्ष शील प्रार्थना गरिएको उक्त कार्यक्रममा पूज्य ञाणपूर्णिक महास्थविरबाट दुर्लभ प्रव्रज्या विषयमा धर्मदेशना गर्नुभएको थियो । यस समारोहमा श्रामणेर प्रव्रज्यामा भाग लिएका श्रामणेरहरूबाट आ-आफ्ना अनुभव पनि व्यक्त गरिएको थियो । यसका साथै केन्द्रका कम्मथानाचार्य र उ सुजनपिय सयादोबाट धर्म देशना भएको थियो ।

## रत्नवत सिरपा:

२०६० जेठ ३१ गते, शनीवार । स्वयम्भू ।

ज्ञानमाला भजन खल: स्वयम्भू पाखें थुगुसी गुक्व:गु रत्नवत सिरपा: ल:ल्हाय्गु ज्या क्वचायकूगु समाचार दु ।

बुद्ध धर्म व ज्ञानमालाया प्रचार ज्याय् थ:गु योगदान बियाच्वंपिं व्यक्ति वा संस्था याना: स्वंगू विधाया लागि म्हतिं स्वद्व:तका व ताम्रपत्र बिया: ल:ल्हा:गु थुगु सिरपा: ल:ल्हाना का:पिं संस्था व व्यक्तिपिं थुकथं उल्लेख जुयाच्वंगु दु–

१. अन्नपूर्ण ज्ञानमाला भजन खल:
२. भिक्षु बोधिसेन महास्थविर
३. प्रा. सुवर्ण शाक्य ।

रत्नबहादुर तण्डुकार नामं थ्व सिरपा बीगु चलन शुरु जूगु ख: ।

## "लिच्वः (बाखं मुना)" पुस्तक विमोचन

२०६० जेष्ठ १६ बिहिबार ।

सत्यसन्देश प्रचारक प्रकाशनको २१ औं कृतिका रूपमा भिक्षु संघरक्षित, संघारामद्वारा लिखित कथासंग्रह "लिच्वः" एउटा समारोहका बिच विमोचन भयो । नेवाः महोत्सवका उपलक्ष्यमा नेवाः महोत्सवमा राखिएको साहित्य गुठिको स्टलमा भएको उक्त विमोचन समारोहमा प्रमुख अतिथि "नेपालभाषा मंकाः खलः न्हूदँ समारोह समिति ११२३" का अध्यक्ष सुरेन्द्रवीर मालाकार द्वारा पुस्तक विमोचन भएको थियो ।

नेपालभाषा मंकाः खलःका अध्यक्ष पद्मरत्न तुलाधर पनि उपस्थित हुनुभएको उक्त समारोहमा पुस्तकको विषयलाई लिएर प्रमुख अतिथिका साथै 'नेपालभाषा मंकाः खलः न्हूदँ समारोह समिति ११२३" का सचीव नरेशवीर शाक्यले पनि बोल्नुभएको थियो । पहिला विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेको कथाहरूलाई संग्रह गरेर बुद्धधर्मको शिक्षालाई सजिलो किसिमले सबैलाई बुझाउने उद्देश्यले "लिच्वः (बाखं मुना)" पुस्तक प्रकाशित गरेको कुरा पुस्तकका लेखक भिक्षु संघरक्षितले भन्नुभयो ।

उक्त पुस्तक विमोचन समारोह साहित्य गुथिका अनिल स्थापितले संचालन गर्नुभएको थियो ।

## पुस्तक विमोचन

२०६० जेष्ठ ९ शुक्रवार, अष्टमी ।

सत्यसन्देश प्रचारक प्रकाशनको १८ औं कृतिका रूपमा भिक्षु संघरक्षित, संघारामद्वारा लिखित "बौद्ध दर्शनमा बुद्धपूजाको सही अर्थ" नामक पुस्तिका यहाँको लुभूमा एक समारोहका बिच विमोचन भयो ।

महिनाको एकपल्ट अष्टमीका दिन टोल-टोलका चैत्यहरू सामु सयौं उपासक-उपासिकाहरू भेला भएर बुद्धपूजा, शीलप्रार्थना, ज्ञानमाला भजन, धर्मदेशना गर्ने क्रममा यस दिन लुभू-नासलस्थित भगवान् टोलमा उक्त समारोह भएको थियो । भिक्षु संघरक्षितद्वारा धर्म देशना भएको थियो । तत्पश्चात् सुवर्ण छत्रपुर विहार, लुभूका अध्यक्ष श्री पूर्णमान महर्जनद्वारा पुस्तिका विमोचन तथा त्यसको समीक्षा भयो ।

## एफ.एम.मा पुस्तक विमोचन

२०६० असार १ गते, आइतवार ।

सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौं ।

सत्यसन्देश प्रचारक प्रकाशनको नयाँ कृतिका रूपमा भिक्षु संघरक्षित, संघारामद्वारा विभिन्न ग्रन्थहरूको स्रोतद्वारा तयार पारिएको पुस्तक "निर्वाण बुद्ध धर्ममा महापरिनिर्वाण बुद्धको" यहाँको के.ए.टी.एच. ९७.९ एफ.एम. को साहित्यिक कार्यक्रम 'सार-श्रोत' मा विमोचन भएको छ ।

प्रकाशनको १९ औं कृतिको रूपमा प्रकाशित उक्त पुस्तकको विमोचन एफ.एम. स्टेशन म्यानेजर श्री भरत शाक्यले गर्नुभएको थियो । पुस्तकका लेखक भिक्षु संघरक्षितसंग प्रत्यक्ष कार्यक्रममा पुस्तकबारे अन्तर्वार्ता लिनुभएको कार्यक्रममा भरत शाक्यले पुस्तकको समीक्षा गर्नुहुँदै भन्नुभयो– "राम्रो कभर रहेको पुस्तकको विषय जति गम्भीर र दार्शनिक छ, लेखकको शैलीले गर्दा सबैले सजिलै बुझ्नसक्ने भएको मलाई लागदछ । युवा उत्साही उहाँ श्रद्धेय संघरक्षित भन्तेद्वारा म ज्यादै प्रभावित छु ।"

कार्यक्रम राजेश सिंखडाले चलाउनु भएको थियो भने विमोचित पुस्तक प्रकाशनार्थ ज्ञानज्योति कंसाकारले सहयोग गर्नुभएको थियो । पुस्तकको मूल्य धर्मदान अर्थात् निःशुल्क वितरण हुने भएको छ ।

## हाजिर जवाफ प्रतियोगिता

२५४७ औं बुद्ध पूर्णिमाको उपलक्षमा दीपंकर परियत्ति शिक्षालय, नागबहाल ले.पु.ले ललितपुर जिल्ला व्यापी पुस्तकालय, परियत्ति शिक्षालय, क्लब, र संस्थाहरू विच शुरुवाटले ३२ औं र रमिङ्ग शीलको हिसावले ३१ औं बुद्ध र बुद्ध धर्म सम्बन्धि हाजिर जवाफ प्रतियोगिता भव्य रूपमा सम्पन्न गरिएको समाचार छ ।

२०६० जेठ १८ गते देखि २४ सम्म सञ्चालित उक्त प्रतियोगिता गगनवाटीका नागबहाल ललितपुरमा सञ्चालन गरिएको थियो ।

■

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं । फोन : ४४३४८५०, ४४३४७५३, फ्याक्स : ४४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं
Downloaded from http://www.dhamma.digital